

# राष्ट्रिय गान



सयौं थुङ्गा फुलका हामी एउटै माला नेपाली ।
सार्वभौम भई फैलिएका मेची महाकाली ।।

प्रकृतिका कोटीकोटी सम्पदाको आँचल ।
वीरहरुका रगतले स्वतन्त्र र अटल ।।

ज्ञानभूमि शान्तिभूमि तराई पहाड हिमाल ।
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल ।।

बहुल जाती भाषा धर्म संस्कृति छन् विशाल ।
अग्रगामी राष्ट्र हाम्रो जय जय नेपाल ।।

"म ठाकुरबाबाको, ठाकुरबाबा मेरो"

# भौगोलिक रुपमा हाम्रो ठाकुरबाबा नगरपालिका









| | | |
|---|---|---|
| पुस्तक | : | ठाकुरबाबा नगरपालिका हिजो र आज |
| संरक्षक | : | प्रमुख श्री घननारायण श्रेष्ठ |
| सल्लाहकार | : | उप–प्रमुख श्री कृष्णा कुश्मा थारु,<br>प्रमुख प्रशासकीय अधिकृत श्री रामहरि रिजाल |
| संयोजक | : | श्री युवराज अधिकारी |
| सदस्यहरु | : | श्री रामेश्वर खनाल, श्री ज्ञान बहादुर थारु,<br>श्री अनन्त राज सुवेदी, श्री चक्रपाणी आचार्य,<br>श्री रिता कुमारी थारु, श्री ऋषि प्रसाद गड्तोला |
| प्रकाशक | : | ठाकुरबाबा नगरपालिका, सैनवार, बर्दिया |
| सर्वाधिकार | : | ठाकुरबाबा नगरपालिका, सैनवार, बर्दिया |
| प्रकाशन वर्ष | : | २०७८ |
| मुद्रण | : | शंकर प्रिन्टिङ्ग प्रेस,<br>नेपालगंज, बाँके<br>०८१–५३०२६० |

# नगर प्रमुखको मन्तव्य



नेपाली जनताको लामो त्याग, बलिदान र जनआन्दोलनको जगमा खडा भएको नयाँ व्यवस्था सहितको परिवर्तनबाट आफूले चुनेका जनप्रतिनिधीहरु मार्फत संविधान लेख्ने विगत ६५ वर्ष देखिको निरन्तर चाहना प्राप्ति पश्चात प्राप्त नेपालको संविधानले नेपाललाई संघीय संरचनामा संरचित गरेर स्थानीय तहहरुलाई एक स्वशासित, अविछिन्न उत्तराधिकारवाला सरकारको रुपमा स्थापित गरेको छ। राज्यको पुनर्संरचना सँगसँगै स्थानीय स्तरको समग्र विकासको जिम्मेवारी स्थानीय तहमा आएको छ । यो एक ऐतिहासिक अवसर हो र यस अवसरको सदुपयोग गरेर समग्र नगरको सकारात्मक रुपान्तरण गर्नु हाम्रो दायित्व, जिम्मेवारी र कर्तव्य हो । तीन तहका सरकारमध्ये जनताको दिनानुदिनका अवस्थासँग प्रत्यक्ष रुपमा सरोकार र साझेदार गर्ने सरकारको रुपमा रहेको स्थानीय सरकारका सामु स्थानीय विकास र समृद्धिका लागि महत्वपुर्ण जिम्मेवारीहरु रहेका छन्।

जनप्रतिनिधिहरु निर्वाचित भएपछि विधि, कानुन र मापदण्ड निर्माण गर्दै आवधिक र दीर्घकालिन महत्वको गुरुयोजनाको निर्माण गरी सो योजनाले परिलक्षित गरेका लक्ष्य तथा योजनालाई मूर्तरुप दिन नीति कार्यक्रम र बजेट मार्फत व्यवस्थित गर्दै आएका छौँ। ठाकुरबाबा नगरपालिकालाई मुलुककै उत्कृष्ट नगरको रुपमा विकास गर्न यहाँका नागरिकहरुको दक्षता तथा क्षमतामा अभिवृद्धि गरी सामाजिक तथा आर्थिक विकासका नयाँ अवसरहरु सिर्जना गरेर जनसहभागितामा आधारित द्रुत तथा दीगो विकासका माध्यमले नागरिकको गुणस्तरीय जीवनको सुनिश्चितता गर्न **समृद्धिको लागि जनसहभागिता** अभियान सञ्चालन गरिएको छ।

स्थानीय तहमा जनताका प्रतिनिधिका रुपमा चुनिएर आएपछि हामीले आफ्ना प्राथमिताहरु गुरु योजना मार्फत निर्धारण गरी मापदण्ड तय गरेर अवको ठाकुरबाबा कस्तो बनाउने संकल्पका साथ प्रष्ट योजना सहित समग्र योजनाहरु कार्यान्वयन गरिएको छ। यस पुस्तिकामा नगरपालिकाले हालसम्म गरेका कार्यहरुको बुँदागत टिपोट, तथ्यगत विवरण र चित्रहरु समेटिएको छ। नगरबाट सम्पादित सबै कार्यहरु एउटा किताबमा समेट्न सम्भव छैन । अतः केही महत्वपूर्ण कार्यहरुलाई राख्ने जमर्को गरिएको छ । संविधान प्रदत्त अधिकारहरुको कार्यान्वयन गर्दै सिमित साधन र स्रोतबाट नगरवासीको असिमित आवश्यकता र चाहनालाई प्राथमिताका आधारमा सम्पादित गर्दै सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारको साझा सङ्कल्प सम्वृद्धिको सहयात्रामा अघि बढेका छौँ। सम्वृद्धि हासिल गर्ने काममा सबैको सहयोग र सहकार्य अपरिहार्य रहेको छ।

ठाकुरबाबा नगरपालिकाको पहिलो जननिर्वाचित स्थानीय सरकारको सामु कार्यालय सञ्चालन समेत कहाँ गर्ने भन्ने अनिश्चयताकाबीच आवश्यक कानुनको निर्माण, संगठन संरचनाको स्थापना, जनशक्तिको व्यवस्थापन सहित प्रभावकारी रुपमा कार्यान्वयन गर्दै आज यहाँसम्म आईपुग्दा नगरपालिका, वडा कार्यालयहरु र स्वास्थ संस्थाहरु व्यवस्थित रुपमा सञ्चालनमा आएकाछन् । सार्वजनिक प्रशासनलाई पारदर्शी, सहभागितामूलक, जवाफदेही बनाई कानुनको शासन, आर्थिक अनुशासन तथा भ्रष्टाचारमुक्त प्रशासनजस्ता असल शासनका आधारभूत मान्यतालाई आत्मसाथ गर्दै हामीले पछ्याएको गति, सम्पादन गरेको कार्यको संक्षेपिकरण यहाँहरु समक्ष पस्किएका छौँ । जग निर्माणको चरणको संस्थापक जनप्रतिनिधिको हैसियतबाट अपेक्षित र आशातित पूर्ण कार्य सम्पादन हुन नसके पनि आशालाग्दो गन्तव्य पहिलिएको महसुश गरिएको छ। कोरिएको आधार रेखा र सम्पादित संस्थागत तथा संरचनागत आधारबाट गुरु योजनाले परिलक्षित गरेको मार्गले सम्वृद्ध नगरको परिकल्पनालाई सार्थकतामा बदल्ने बाटो कोरेको महसुसकासाथ सम्वृद्ध ठाकुरबाबाको अभियानमा सम्पूर्ण ठाकुरबाबा नगरवासीको साथ र सहयोगको अपेक्षा गर्दछु।

**घननारायण श्रेष्ठ**
**प्रमुख**
**ठाकुरबाबा नगरपालिका**

# नगर उप-प्रमुखको सन्देश



विं.सं. २००७ सालको क्रान्ति, २०४६ सालको जनआन्दोलन, १० वर्षे जनयुद्ध, २०६२/०६३को जनआन्दोलनका साथै थरुहट र मधेस आन्दोलन लगायत जनस्तरबाट भए गरेका सबै जनसंघर्षबाट स्थापित सङ्घीय गणतन्त्रपछि राज्यको पुर्नसंरचनासँगै संरचित ठाकुरबाबा नगरपालिकाको पहिलो जननिर्वाचित जनप्रतिनिधिको रुपमा विगत ४ वर्षको नीति कार्यक्रम र बजेटका माध्यमबाट हालसम्म हासिल गरेका उपलब्धिहरुको संक्षेपिकरण प्रस्तुत गर्ने प्रयास गरिएको छ। नगरपालिकाको संस्थागत र संरचनागत विकास गर्दै गुरुयोजना निर्माण गरी गुरुयोजनाले परिलक्षित गरेको लक्ष्य तथा उद्देश्यलाई पुरा गर्नतर्फ हाम्रा सबै प्रयासहरु केन्द्रित गरिएको छ।

स्थानीय सरकार सञ्चालनको छोटो अवधिमा सङ्घीयताको महत्वपूर्ण आधारका रुपमा रहेको स्थानीय सरकार र स्थानीय सरकार सञ्चालनका आधारभूत आधारशीला तयार भएको छ। नगरपालिकाले आफ्नै गुरु योजना तयार गरी  विकास र सुशासनका लागि वर्षौंदेखि नागरिकले राख्दै आएको चाहनालाई मूर्तरुप दिन सिमित स्रोत र साधनलाई अधिकतम परिचालन गरी सहि मार्गतर्फ उन्मुख छौं। स्थानीय सरकार सञ्चालन सम्बन्धी कानूनको निर्माण गर्दै नीति कार्यक्रम र बजेट कार्यान्वयनमा गरिएका विशेष प्रयासहरुले नै हामीलाई अनुकूलतातर्फ अघि बढ्ने आधार तयार भएको छ। जनस्तरमा नगरपालिकाप्रतिको विश्वास सेवा प्रवाहका माध्यमबाट खोज्ने प्रयास गरिएको छ।

यस अर्थमा सम्वृद्ध ठाकुरबाबा निर्माणको साझा प्रयासबाट आम नगरवासीले महसुस गर्ने गरी सुशासन र चुस्त सेवा प्रवाहका कामहरु भएका छन्। सिमित जनशक्ति र साधनबाट न्यायीक समितिलाई क्रियाशिल गराउँदै व्यवस्थित इजलास निर्माण हुने चरणमा प्रवेश गरेका छौं। वडास्तरमा नै मेलमिलापकर्ता छनौट गरी तहाँको विवादलाई त्यहाँ नै मेलमिलापकर्ता मार्फत समाधान गर्ने व्यवस्था मिलाइएको छ। अहिले विकास निर्माण तथा सामाजिक क्षेत्रमा भइरहेका कार्य र जारी विभिन्न अभियानहरुलाई आम नगरवासीसम्म पुऱ्याउन जरुरी देखिएको छ। हामीले हालसम्म गरेका कामको संक्षिप्त विवरण तथा उपलब्धि प्रस्तुत पुस्तकमा समेटने प्रयास गरिएको छ। समतामूलक र सभ्य समाज निर्माण तर्फ सबैको सहयोग र सद्भावको लागि हार्दिक आग्रह गर्दछु।

**कृष्णा कुश्मा थारु**
**उप-प्रमुख**
**ठाकुरबाबा नगरपालिका**

# प्रमुख प्रशासकीय अधिकृतको कलमबाट



सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनासँगै नेपालको संविधान २०७२ ले प्रदत्त गरेका स्थानीय सरकारका अधिकारलाई कार्यान्वयन गर्न बनेको स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्धारण गरेका सिद्धान्त तथा मार्गदर्शन बमोजिम स्थानीय तहले समानुपातिक, समावेशी एवं दीगो विकासका लक्ष्य सहितको समग्र नगर योजना कार्यान्वयन गर्न गुरुयोजना तयार गरी नगरको भौतिक, सामाजिक, सांस्कृतिक अवस्थिति तथा उपलब्ध स्रोत र साधनको उपयोग तथा सम्भाव्यताका आधारमा प्राप्त स्रोतको सिमामा रही वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्ने गरिएको छ। वार्षिक नीति तथा कार्यक्रममा समावेश उद्देश्य, प्राथमिकताका आधारमा उपलब्ध सीप, पूँजी र क्षमताको उपयोग गरी आर्थिक विकास, भौतिक विकास, सामाजिक विकास, वातावरण विकास र सुशासन तथा संस्थागत विकाससँग सम्बन्धीत कार्यक्रमलाई कार्यान्वयन गरी समविकासलाई प्राथमिकता दिइएको छ।

विकासमा जनसहभागिताले मेरुदण्डको कार्य गर्दछ। नागरिकको सहभागिताले योजनाको सफलतालाई मूर्तरुप दिन्छ। उपभोक्ता समितिको क्षमता विकास गरी गुणस्तरीय योजनाको निर्माण गर्नु आजको अपरिहार्यता हो। नतिजामुखी परिणामका लागि नगरसभाले निर्दिष्ट गरेका नीति तथा कार्यक्रम प्रचलित कानुनको परिधिमा रही कार्यालयको प्रविधिमैत्री सुधारबाट छिटो छरितो सेवा प्रवाह गर्नु नगरपालिकाको दायित्व हो। आर्थिक अनुशासन अवलम्बन गर्दै विकास निर्माणको गतिविधिलाई पारदर्शी तरिकाले समयमा नै सम्पन्न गर्नुपर्ने हुन्छ। त्यसैले पनि स्थानीय स्तरका स्रोत र साधनको अधिकतम उपयोग गरी सेवा प्रवाह र विकासलाई सहज बनाउन नीतिगत सुधारमा जोड दिनु जरुरी छ।

यिनै पक्षहरुलाई मध्यनजर गरी गुरुयोजनाले परिलक्षित गरेका उद्देश्य र लक्ष्यलाई पछ्याउँदै सङ्घीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त अनुदान, राजश्व बाँडफाँटबाट प्राप्त हुने स्रोत तथा आन्तरिक आम्दानीलाई आधार मानी वडा र नगरस्तरबाट तय भएका योजना कार्यान्वयनबाट हालसम्म भएका उपलब्धिको मुख्य मुख्य पाटोलाई समेटेर प्रस्तुत पुस्तक यहाँहरु समक्ष पस्किएका छौं। नगरपालिकाको स्थापना पछिको पहिलो संस्थापक जनप्रतिनिधिहरुको हैसियतबाट तय भएका नीति कार्यक्रम तथा बजेट र योजना कार्यान्वयन गर्दाको प्रमुख उपलब्धिलाई सार्वजनिक गर्नु यस प्रकाशनको उद्देश्य हो। यस किसिमको प्रकाशन नगरपालिकाको पहिलो प्रयास हो। आवश्यक सकारात्मक सुझाव प्राप्तिको अपेक्षा सहित प्रकाशनलाई मूर्तरुप दिन सहयोग पुऱ्याउनु हुने सबै सहयोगी हातहरुमा हार्दिक नमन गर्दछु।

**रामहरि रिजाल**
**प्रमुख प्रशासकीय अधिकृत**
**ठाकुरबाबा नगरपालिका**

# सम्पादकीय...

ठाकुरबाबा नगरपालिकाको स्थापनापछि पहिलो जननिर्वाचित जनप्रतिनिधिको हैसियतबाट वर्तमान जनप्रतिनिधिहरुबाट मिति २०७४ श्रावण २२ गते पदभार ग्रहण गरी कार्यरम्भ भएको हो। स्थानीय तहको सरकारको हैसियतबाट संविधान प्रदत्त अधिकारलाई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्धारण गरेका सिद्धान्त तथा मार्गदर्शनमा रही सङ्घीय सरकार र प्रदेश सरकारबाट प्राप्त अनुदान, राजश्व बाँडफाँटबाट प्राप्त हुने स्रोत तथा आन्तरिक आम्दानीका आधारमा हरेक असार १० गते भित्र नीति कार्यक्रम तथा बजेट र योजना प्रस्तुत गर्नुपर्ने नीतिगत व्यवस्थालाई अनुसरण गर्दै नगरपालिकाले ५ वटै आर्थिक वर्षको नीति कार्यक्रम तथा बजेट र योजना यथा समयमा प्रस्तुति, स्वीकृति गर्दै ४ वर्षको कार्यक्रम पूर्ण कार्यान्वयन भई पाँचौ वर्षको कार्यक्रम कार्यान्वयनको चरणमा रहेको छ।

राज्यको पुन संरचनापछि स्थापित नगरपालिकाको पहिलो संस्थापक जनप्रतिनिधिको हैसियतबाट संस्थागत तथा संरचनागत विकासका साथै आर्थिक, भौतिक तथा सामाजिक विकासको आधार तय गर्दै लामो समय देखि जननिर्वाचित जनप्रतिनिधि विहिन अवस्थाबाट आफ्ना असिमित चाहनालाई व्यग्रताका साथ पर्खिएर बसेका नगरवासीको भावनालाई सम्बोधन गर्दै संविधानको कार्यान्वयनका साथै नागरिकलाई घरदैलोमा नै सरकारको उपस्थितिको आभास दिन सक्ने गरी समग्र गतिविधि चलायमान गराउनु पर्ने अवस्था र कार्यालय सञ्चालन समेत कहाँ गर्ने भन्ने अनिश्चयताकाबीच आवश्यक कानुनको निर्माण, सङ्गठन संरचनाको स्थापना, जनशक्तिको व्यवस्थापन सहित प्रभावकारी रुपमा कार्यान्वयन गर्दै आजको अवस्थामा आई पुग्दा नगरवासीले नगरपालिकालाई आफ्नो भरोसायोग्य नजिकको सरकारको रुपमा आत्मसाथ गरेको देखिन्छ। सिमित स्रोत र साधनलाई अधिकतम परिचालन गरी ४ बर्षको नीति कार्यक्रम तथा बजेट र योजना कार्यान्वयन गरिसक्दा नगरपालिकाको आधाररेखाहरु कोरिएको, संस्थागत तथा संरचनागत अवयवहरु स्थापित भई योजनाबद्ध ढङ्गले सबै गतिविधि परिचालित भएका छन्।

समयसिमाको हिसाबले ४ वर्ष लामो कालखण्ड नभए पनि पहिलो निर्वाचित जनप्रतिनिधिको हैसियतबाट जनविश्वासलाई जोगाउँदै गणतन्त्रको सफल कार्यान्वयनमा स्थानीय सरकारको हैसियतबाट आर्थिक, भौतिक तथा सामाजिक विकासको आधारशिला खडा गरी यस संस्थाप्रतिको विश्वासलाई आम नगरवासीमा स्थापित गर्न गरेका प्रयासका प्रमुख कार्यहरुको विवरण यस पुस्तिकामा प्रस्तुत गरिएको छ। वडा तथा नगरस्तरबाट सम्पादित सम्पूर्ण कार्यक्रमहरु यो पुस्तकमा समेट्न सम्भवनैछैन, सम्पादित कार्य नगरवासीको स्मरणबाट छिपेको पनि छैन।अत:अन्तिम बर्षको नीति, कार्यक्रम तथा बजेट र योजना कार्यान्वयन भइरहँदा अघिल्ला वर्षको उपलब्धिलाई आम नागरिकमा पस्कने दायित्वलाई नीतिमा नै सामावेश गरी सोको कार्यान्वयनको नतिजा यहाँहरुको हातमा रहेको छ। नगरपालिकाको पहिलो प्रयास रहेकोले कहीँकतै कमीकमजोरी हुन सक्छन्, यहाँहरुको सकारात्मक सुझावबाट कमीकमजोरी सच्याउँदै नगरवासीको चाहनाअनुरुप अन्य प्रकाशन पनि हुँदै जानेछन्। यस पुस्तक प्रकाशनमा आफ्नो महत्वपूर्ण सल्लाह र सझाव दिनुहुने प्रमुखज्यू, उपप्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, सबै वडा अध्यक्षज्यूहरु लगायत कार्यपालिका तथा नगरसभा सदस्यज्यूहरु, शाखाप्रमुख,वडा सचिव तथा सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु र सबै नगरवासीहरुप्रति हार्दिक धन्यवाद सहित आभार प्रकट गर्दछौं।



**श्री घननारायण श्रेष्ठ**
**संरक्षक**



**श्री कृष्णा कुश्मा थारु**
**सल्लाहकार**



**श्री रामहरि रिजाल**
**सल्लाहकार**



**श्री युवराज अधिकारी**
**संयोजक**



**श्री रामेश्वर खनाल**
**सदस्य**



**श्री ज्ञान बहादुर थारु**
**सदस्य**



**श्री अनन्त राज सुवेदी**
**सदस्य**



**श्री चक्रपाणी आचार्य**
**सदस्य**



**श्री रिता कुमारी थारु**
**सदस्य**



**श्री ऋषि प्रसाद गड्तोला**
**सदस्य**

## सहयोगी

| | |
|---|---|
| इन्द्र बहादुर राजवंशी | सुनिल पोखेल |
| सिता कुमारी भण्डारी | निरञ्जन पोखरेल |
| अम्मर बहादुर शाही | तपेन्द्र राज जोशी |
| दिनेश विष्ट | सन्तोष बजगाई |
| रविन्द्र अर्याल | राजन श्रेष्ठ |
| तेजेन्द्र बस्नेत | महेशी चौधरी |
| पुष्कर न्यौपाने | बिन्दु शर्मा |
| ध्रुवराज वम | सानी मल्ल |
| दिप बहादुर बस्नेत | निर्मला आचार्य |
| कृपाराम गड्तोला | रुविना चौधरी |
| दिपक बहादुर थापा | केशव प्रसाद खनाल |
| विष्णु ज्ञवाली | लोकेन्द्र सावद |
| राजेन्द्र प्रसाद सुवेदी | खुसिराम चौधरी |
| डा. कुलदिप कुमार यादव | जीवन कडेल |

# ठाकुरबाबा नगरपालिका

## नगर कार्यपालिकाका पदाधिकारीहरु



**घननारायण श्रेष्ठ**
नगर प्रमुख



**कृष्णा कुश्मा थारु**
नगर उप-प्रमुख



**रामहरि रिजाल**
प्रमुख प्रशासकीय अधिकृत

## वडा अध्यक्षहरु



**श्याम लाल थारु**
वडा नं. १



**हरिराम थारु**
वडा नं. २



**श्रीकृष्ण थारु**
वडा नं. ३



**शेर बहादुर थारु**
वडा नं. ४



**गंगाराम जैसी**
वडा नं. ५



**भवानी प्रसाद भुसाल**
वडा नं. ६



**पदम बहादुर खड्का**
वडा नं. ७



**निम प्रसाद थारु**
वडा नं. ८



**राधा चौधरी**
वडा नं. ९

## कार्यपालिका सदस्यहरु


भिखनी थारु


इन्दिरा थारु


मोतिपुरुवा तिरुवा


राजकली रोकाय


राम कुमारी थारु


मोतिराम सुनार


ज्योति नेपाली


सिताराम लोहार

## वडा सदस्यहरु


जन्मजय तिमल्सेना


निमराज खनाल


बालु वि.क.


विष्णु बहादुर शाही


अब्बर थारु


गिता थारु


मान कुमारी सुनार


रुपकला कुमारी थापा


संगम नेपाली


औसे सुनार


राम कुमार थारु


अम्मर थापा


मानविर धरकटुवा


लक्ष्मी सुनार


सुविदार थारु


राम कुमार थारु


फुल कुमारी नेपाली


कृष्ण बहादुर थारु


प्रशान्तकुमार बि.क


निता चौधरी


शान्ति बि.क


सुकमा लोहार


कलम बहादुर विष्ट


भागिराम थारु


रत्न बहादुर आले


मंगरु थारु


सिता थारु


हेमन्त आचार्य


शंकर पुन


सुन्तली कामी

# ठाकुरबाबा नगरपालिकाको ४ वर्ष



# विषय सूची


| क्र.सं. | विषय | पेज नं. |
|---|---|---|
| | खण्ड १ : पृष्ठभूमि | |
| १.१ | नगरपालिकाको परिचय | १ |
| १.२ | जनसंख्या | ३ |
| १.३ | उमेरगत जनसंख्या | ३ |
| १.४ | जातिगत जनसंख्या | ४ |
| १.५ | साक्षरता अवस्था | ५ |
| १.६ | स्वास्थ्य सेवा | ५ |
| | खण्ड २ : संस्थागत तथा संरचनागत विकास | |
| २.१ | कार्यपालिकाको कार्यालय स्थापना तथा सञ्चालन | ६ |
| २.२ | वडा कार्यालयहरुको स्थापना र कार्य सञ्चालन | ७ |
| २.३ | ऐन तथा नियमावलीको निर्माण | ७ |
| २.४ | न्याय सम्पादन | ८ |
| २.५ | सहज सामाजिक सुरक्षा भत्ता वितरण | ८ |
| २.६ | आन्तरिक राजश्व संकलन | ९ |
| २.७ | नगर सभा | १० |
| २.८ | कार्यपालिका | ११ |
| २.९ | बजेट | १२ |
| २.१० | गुरुयोजना निर्माण र कार्यान्वयन | १२ |
| २.११ | स्रोत साधन तथा जनशक्ति व्यवस्थापन | १३ |
| २.१२ | नीति तथा कार्यक्रम बजेट तथा बजेट र योजना प्रकाशन र प्रगति समिक्षा | १५ |
| २.१३ | ठाकुरबाबा नगरपालिका र चीनको लियुपानसुईसँग मितेरी (सहकार्य) सम्बन्ध... | १६ |
| | खण्ड ३ : पूर्वाधार विकास | |
| ३.१ | सडक | १८ |
| ३.२ | नगरका वडास्तरीय गौरवका आयोजनाहरु | २० |
| ३.३ | झोलुङ्गेपुल निर्माण | २२ |
| ३.४ | वडा कार्यालय भवन निर्माण | २२ |
| ३.५ | आधारभूत नगर अस्पताल तथा स्वास्थ्य संस्थाहरु | २४ |
| ३.६ | नगरपालिका भवन | २८ |
| ३.७ | विद्यालयहरुको भौतिक सुविधा विस्तार | २९ |
| ३.८ | हात्ती छेकबार पक्कि पर्खाल निर्माण | ३२ |
| ३.९ | प्रधानमन्त्री रोजगार कार्यक्रम | ३४ |
| ३.१० | खानेपानी आयोजना | ३६ |

| | | |
|---|---|---|
| ३.११ | खेल मैदान तथा कवर्ड हल | ३७ |
| | खण्ड ४ : सामाजिक विकास | |
| ४.१ | स्वास्थ्य सेवा | ३८ |
| ४.२ | शिक्षा सेवा | ४६ |
| ४.४ | भूमि सम्बन्धी समस्या समाधान आयोगको कार्य | ५४ |
| ४.५ | सुरक्षित विपन्न आवास कार्यक्रम | ५५ |
| ४.६ | सुरक्षित नागरिक आवास कार्यक्रम (खरको छानो विस्थापन) | ५६ |
| ४.७ | सहिद स्मृति भवन, डे केयर सेन्टर तथा बैठक घर | ५७ |
| ४.८ | सशस्त्र प्रहरीको सिमा सुरक्षा पोष्ट निर्माणमा सहयोग | ५७ |
| ४.९ | शव दाह स्थलमा मलामी विश्राम स्थल | ५८ |
| ४.१० | संग्राहलय स्थापना | ५८ |
| ४.११ | प्रहरी चौकी तथा भान्छाघर निर्माण | ५९ |
| ४.१२ | मठ मन्दिरहरुको निर्माण तथा जिर्णोधारमा सहयोग | ५९ |
| ४.१३ | मरुवा निर्माण | ५९ |
| ४.१४ | गौशाला निर्माण | ६० |
| ४.१५ | चर्च निर्माण | ६० |
| ४.१६ | सामाजिक पञ्जिकरण | ६० |
| ४.१७ | अपाङ्ग परिचयपत्र वितरण | ६१ |
| ४.१८ | अपाङ्गमैत्री सामग्री वितरण | ६२ |
| ४.१९ | ज्येष्ठ नागरिक प्रमाणपत्र तथा सम्मान | ६२ |
| ४.२० | जनचेतनामूलक कार्यक्रम | ६३ |
| ४.२१ | खेलकुद विकास | ६४ |
| ४.२२ | खेलाडी सम्मान कार्यक्रम | ६५ |
| ४.२३ | विपद् व्यवस्थापन कोष स्थापना तथा परिचालन | ६६ |
| ४.२४ | बालबालिकाको सपना परियोजना सञ्चालन | ६६ |
| | खण्ड ५ : आर्थिक विकास | |
| ५.१ | सहकारी | ६८ |
| ५.२ | पर्यटन विकास | ६९ |
| ५.३ | पशुपंक्षी तथा मत्स्य विकास | ७५ |
| ५.४ | कृषि विकास | ७९ |

# खण्ड १ः पृष्ठभूमि

## १.१ नगरपालिकाको परिचयः

लुम्बिनी प्रदेश अन्तर्गत बर्दिया जिल्लाको साविकका बगनाहा र नेउलापुर गाउँ विकास समितिलाई समेटेर वि.सं. २०७२ साल असोज २ गते बबई नगरपालिका स्थापना भएको र पछि शिवपुर र ठाकुरद्वारा गाउँ विकास समितिलाई समेत समावेश गरी ठाकुरद्वारामा रहेको ठाकुरद्वार मन्दिरको नामबाट यस ठाकुरबाबा नगरपालिकाको स्थापना वि.सं. २०७३ साल फाल्गुण २७ गते भएको हो। संघीय प्रणाली अनुसार यो नगरपालिका बर्दिया जिल्ला निर्वाचन क्षेत्र नं. २ र प्रदेश सभा निर्वाचन क्षेत्रको आधारमा २(क) मा पर्दछ। यस नगरपालिकालाई भौगोलिक सिमाना, भौतिक पूर्वाधार तथा सामाजिक मूल्य मान्यताको आधारमा ९ ओटा वडामा विभाजन गरिएको छ। भौगोलिक हिसाबले यस नगरपालिकाको पूर्वमा बर्दिया राष्ट्रिय निकुञ्ज, पश्चिममा बर्दिया राष्ट्रिय निकुञ्ज, उत्तरमा बर्दिया राष्ट्रिय निकुञ्ज र दक्षिणमा मधुवन नगरपालिका पर्दछ। वि.सं. २०७७ सालको घरधुरी सर्वेक्षणको आधारमा यस नगरपालिकाको घरधुरी सङ्ख्या १०,४५४ र कुल जनसङ्ख्या ५७,२०४ रहेको जसमध्ये पुरुषको जनसङ्ख्या २८,८६०र महिलाको जनसङ्ख्या २८,३४४ रहेको छ। यो नगरपालिकाको अक्षांश २८ डिग्री २३ मिनेट देखि २८ डिग्री २३ मिनेटउत्तरी अक्षांशसम्म, ८१ डिग्री ११ मिनेटदेखि ८१ डिग्री १९ मिनेट पूर्वी देशाान्तरसम्म फैलिएको यस नगरपालिकाको कुल क्षेत्रफल १०४.५७ वर्ग किलोमिटर रहेको छ । यहाँको जनघनत्व ५३४ रहेको छ। सरदर सामुन्द्रिक सतहबाट १७५ मिटरको उचाईमा रहेको  यहाँको बार्षिक औषत तापक्रम न्युनतम ८ डिग्री सेल्सीयस देखि अधिकतम ४३ डिग्री सेल्सीयस र औषत वार्षिक बर्षा ११२० मि.लि.हुने गरेको छ।

यातायातको समुचित विकास भएको यस क्षेत्र जिल्ला सदरमुकाम गुलरियाबाट २२ किलोमिटर दुरीमा उत्तर पश्चिममा अवस्थित छ। केहि प्रशासनिक कामका लागि सदरमुकाम जानु पर्ने भएता पनि दैनिक उपभोग्य वस्तु किनमेलको लागि यहाँका बासिन्दाहरु यसै नगरपालिका अन्तर्गत पर्ने भुरिगाउँ बजार, बगनाहा बजार, बकुवा बजार, ठाकुरद्वारा बजार, शाहीपुर बजारबाट गर्ने गरको पाईन्छ। नगरपालिकाबाट मुख्य राजमार्ग भएर अन्य जिल्ला तथा भुरिगाँउ ढोढरी मार्गले सदरमुकामलाई जोडेको छ, जसले गर्दा मानिसहरुलाई आवतजावत गर्न सजिलो भएको छ। नगरपालिकाले तयार गरेको गुरुयोजनाको मर्म अनुरुप नगरपालिकाका गाउँ बस्तिलाई वडाको केन्द्र र वडाको केन्द्रलाई नगरपालिकाको केन्द्रसँग जोडने गरी नगरस्तरीय र वडाका गौरवका आयोजनाहरु सञ्चालन भएबाट हाल टोलबस्तिहरु र वडा तथा वडा र नगरपालिका बीचको अवागमनमा सहजता भएकोछ। नगरपालिका अन्तर्गतका सबै टोलबस्तिमा बिना रोकतोक बाह्रै महिना सहज पहुँच स्थापित भएको छ।

ठाकुरबाबा नगरपालिका स्थापना हुँदा समाहित भएका नगरपालिका/गा.वि.स.को हालको वडागत विवरण, जनसङ्ख्या र क्षेत्रफल निम्नानुसार रहेको छ।

| वडा नं. | समावेश नगरपालिका/गा. वि. स. | जनसङ्ख्या | क्षेत्रफल (वर्गकि.मी.) |
|---|---|---|---|
| १ | बबई(१,२) | ८०९१ | ५.२२ |
| २ | बबई(३,४) | ८५७८ | १३.२९ |
| ३ | बबई(५,७) | ८०७६ | १२.५७ |
| ४ | बबई(६,९) | ५३६३ | ८.६७ |
| ५ | बबई(८,१०) | ६०२५ | ३१.४९ |
| ६ | शिवपुर(१-७) | ४७२७ | ८.०४ |

| वडा नं. | समावेश नगरपालिका/गा. वि. स. | जनसङ्ख्या | क्षेत्रफल (वर्गकि.मी.) |
|---|---|---|---|
| ७ | शिवपुर(८,९) | ५११४ | ६.३९ |
| ८ | ठाकुरद्वारा(१-४) | ५०२६ | ११.०६ |
| ९ | ठाकुरद्वारा(५-९) | ६२०३ | ७.८४ |
| | जम्मा | ५७२०४ | १०४.५७ |







स्रोत: स्थलरुप नक्सा (स्केल १:२५,०००/१:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection Systen: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

## १.२ जनसङ्ख्या

| जनसङ्ख्या | | | |
|---|---|---|---|
| **घरधुरी** | **जनसङ्ख्या** | **घरधुरी** | **जनसङ्ख्या** |
| **८,६४२** | **४४,३१६** | **१०,४५४** | **५७,२०४** |
| स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, २०६८ | | ठाकुरबाबा नगरपालिका घरधुरी सर्वेक्षण, २०७७ | |

यस नगरपालिकामा वि.सं. २०६८ सालको तुलनामा हाल वि.सं. २०७७ सालमा घरधुरी वार्षिक रुपमा २.६६ प्रतिशतका दरले र जनसङ्ख्या ३.२३ प्रतिशतका दरले वृद्धि भएको छ। घर परिवारमा हुने अंशबन्डा, जन्म तथा बाहिरवाट वसाई सरी आउने कारणले यहाँको जनसङ्ख्यामा वृद्धि भएको छ। यस नगरपालिकाको जनसङ्ख्या वृद्धिद्धर राष्ट्रिय जनसङ्ख्या वृद्धिदर १.३५ प्रतिशतभन्दा धेरै छ। यहाँको औषत घरधुरी ५.४७ जना रहेको छ जुन राष्ट्रिय औषत ४.८८ जना भन्दा ज्यादा हो। (तथ्याङ्क विभाग, २०६८)। यहि दरमा जनसङ्ख्या वृद्धि हुने हो भने अहिलेको जनसङ्ख्या अबको २२ वर्षमा दोब्बर हुनेछ।

वि.सं. २०६८ सालको राष्ट्रिय जनगणना अनुसारको नगरपालिकाको जनसङ्ख्या र वि.सं. २०७७ सालको घरधुरी सर्भेक्षण अनुसारको जनसङ्ख्याको तुलनात्मक विवरण रेखाचित्रमा यसरी देखाउन सकिन्छ।




## १.३ उमेरगत जनसङ्ख्या:

| उमेर समूह अनुसारको जनसङ्ख्या | | | | |
|---|---|---|---|---|
| ० देखि ४ वर्ष | ५देखि १२ वर्ष | १३ देखि १४ बर्ष | १५ देखि ५९ वर्ष | ६० वर्षभन्दामाथि |
| ५,२३४ | १०,९२३ | २,५९८ | ३४,८८२ | ३,५६७ |
| **९ प्रतिशत** | **१९ प्रतिशत** | **५ प्रतिशत** | **६१ प्रतिशत** | **६ प्रतिशत** |
| श्रोतः ठाकुरबाबा नगरपालिका घरधुरी सर्वेक्षण, २०७७ | | | | |

यस नगरपालिकाको सकारात्मक रुपान्तरणको आधार भनेको नै जन शक्ति हो। यहाँको जनसङ्ख्याको बनावट हेर्दा सक्रिय उमेर समूह (१५देखि ५९ वर्षसम्म) को जनसङ्ख्या अत्यधिक (६१ प्रतिशत) रहेको छ। यो जनसङ्ख्याको सही व्यवस्थापन र सहभागिताले नै नगरपालिकाको रुपान्तरणको दिशानिर्देश गर्दछ। ५ वर्षदेखि १२ वर्षसम्म उमेर समूहको जनसङ्ख्या १९ प्रतिशत, ०-४ वर्षको जनसङ्ख्या ९ प्रतिशत हुनुले जन्मदर क्रमशः घट्दै गइरहेको सङ्केत गर्दछ। यो जनसङ्ख्या वितरण विकासको लागि अत्यन्तै सम्भावित र उपयोगी जनसङ्ख्या हो। तर हालको सक्रिय जनसङ्ख्याको केही हिस्सा वृद्धावस्था (६० वर्षभन्दा माथिको उमेर समूह) मा प्रवेश गर्दा किशोरावस्था देखि सक्रिय उमेर समूहमा प्रवेश गर्ने जनसङ्ख्या तुलनात्मक रुपमा कम हुने देखिन्छ। यहि समयमा नाबालक जनसङ्ख्या किशोरावस्थामा प्रवेश गर्दा सकृय उमेर समूहको जनसङ्ख्या पुनः सन्तुलित हुने देखिन्छ। हालको जन्मदरले जनसङ्ख्यालाई सन्तुलनमा राख्नुको साथै वृद्धि हुन जाने देखिन्छ। हालको सक्रिय जनसङ्ख्यालाई उत्पादनमूलक क्षेत्रमा सहभागी गराउने र नगरपालिकामा उत्पादन र व्यवसायिक संस्कारको

विकास गरी उत्पादकत्वलाई बहुआयामिक बनाई निरन्तररुपमा उत्पादकत्व वृद्धि गरेर दिगो विकासको आधार तयार गर्न सकिन्छ । यसको लागि प्रयाप्त मात्रामा सिप तथा दक्षता विकासका कार्यक्रमहरु सञ्चालन गरेर जनशक्तिको दक्षता अभिवृद्धि गर्ने अवसरहरु रहेका छन् ।




## १.४ जातिगत जनसङ्ख्याः

| जातिगत जनसङ्ख्या वितरण | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ब्राह्मण | क्षेत्री | थारु | मगर | मुस्लिम | दसनामी | दलित | अन्य |
| ८,२९५ | १०,०११ | २९,७९९ | १,०८७ | १४७ | २०१ | ४,५७६ | ३,०८९ |
| **१४.५ प्रतिशत** | **१७.५ प्रतिशत** | **५१.५ प्रतिशत** | **१.९ प्रतिशत** | **१ प्रतिशत** | **०.२ प्रतिशत** | **८ प्रतिशत** | **५.४ प्रतिशत** |
| स्रोतः ठाकुरबाबा नगरपालिका घरघुरी सर्वेक्षण, २०७७ | | | | | | | |

यस नगरपालिकामा थारु जातिको बाहुल्यता हुनुका साथै ब्राह्मण, क्षेत्री, मगर, दसनामी, दलित र मुस्लिम समुदायको मिश्रित बसोवास रहेको छ। विविध जातिगत तथा सामाजिक संस्कारका कारण धेरै प्रकारका चाडपर्वहरु, परम्परागत सिपहरु, सांस्कृतिक तथा सामाजिक प्रचलनहरुको आदान प्रदान गर्ने अवसरहरु सिर्जना भएका छन्। थारु भाषा र नेपाली भाषाको मिश्रित संगम भएकाले यहाँका नागरिकले दुवै भाषा तथा साहित्यमा दखल राख्दछन्। यस नगरपालिकाले दुवै संस्कृतिको सम्मिश्रण गरेर नयाँ संस्कृतिको आविष्कार गरी पर्यटन तथा मानव शास्त्रीय अनुसन्धानलाई प्रोत्साहन गर्न सक्दछ। मिश्रित जनसङ्ख्याको कारण एक अर्काको मानसम्मान र पहिचानलाई स्विकार गरी समावेशी समाजको निर्माण गर्ने सम्भावनाहरु प्रशस्त रहेको छ । नगरभित्रका सबै जातिहरुमा रहेका अन्धविश्वास, कुरीति, रुढीवादी परम्पराहरुको अन्त्य गर्न एक अर्काका संस्कृतिहरुले सहजीकरण गर्ने अवसरहरु छन् । मिश्रित सांस्कृतिक समूहहरुको निर्माण तथा प्रवर्धन गरेर नयाँ रोजगारीका अवसरहरु सिर्जना गर्न सकिने सम्भावना समेत रहेको छ।



## १.५ साक्षरता अवस्था :

| साक्षरता दर | | |
|---|---|---|
| जम्मा | पुरुष | महिला |
| ९६.४ प्रतिशत | ९५.५प्रतिशत | ९७.३ प्रतिशत |
| श्रोतः नगरपालिका साक्षर घोषणा कार्यक्रम प्रतिवेदन, २०७३ | | |

यस नगरपालिकाभित्र रहेका निरक्षर जनसङ्ख्यालाई सीपमुलक/प्राविधिक साक्षरता कार्यक्रमले नागरिकमा अन्तरनिहित सीप तथा दक्षताको अभिवृद्धि गरेर उत्पादकत्व वढाउने छ । साक्षरताको निरन्तरका निम्ति निरन्तर शिक्षा कार्यक्रम, वित्तीय साक्षरता कार्यक्रम तथा सिकाईलाई आयसँग आवद्ध गर्न हरेक वडामा एक सामुदायिक सिकाई केन्द्र स्थापना गरिने छ। शिक्षा नै सम्पूर्ण विकासको जननी भएकोले शिक्षाको माध्यमवाट नगरको समग्र विकास एवम् समाजको सकारात्मक रुपान्तरणमा चमत्कारिक परिणाम ल्याउन सकिन्छ।

राष्ट्रिय जनगणना, २०६८ र बर्दिया जिल्ला साक्षर घोषणा, २०७३ को आधारमा नगरपालिकाको साक्षरता अवस्थाको तुलनात्मक ग्राफचित्र यसरी प्रस्तुत गरिएको छ।




## १.६ स्वास्थ्य सेवा

यस नगरपालिकाभित्र एउटा आधारभूत नगर अस्पताल, ४ वटा वडामा स्वास्थ्य चौकीहरु, ५ वटा वडामा आधारभूत स्वास्थ्य केन्द्र, २० वटा गाउँघर क्लिनिक, एक सर्पदंश केन्द्र, खोप क्लिनिक २२ वटा र ८३ जना महिला स्वास्थ्य स्वयंसेविका रहेका छन्। यी संस्थाहरुले आधारभूत स्वास्थ्य सेवाहरु प्रदान गरीरहेका छन्। हाल सम्म प्रदान गरिएको स्वास्थ्य सेवाले नगरवासीहरुलाई स्वास्थ्यप्रति सजग गराएको छ भने स्वास्थ्य केन्द्रबाट प्रदान गरिने सेवाहरुको बारेमा जानकारी पनि गराएको छ। हाल कोभिड-१९ को महामारीलाई लक्षित गरी आधारभूत नगर अस्पताल अस्थायी कोभिड अस्पतालको रुपमा सञ्चालन गरिएको छ। वडा नं.३ नेउलापुरमा सुविधा सम्पन्न १५ वेडको अस्पताल निर्माणका लागि प्रक्रिया अगाडि बढेको छ। हाल नगरका १० वटा स्वास्थ्य संस्था तथा एक जना एम.बि.बि.एस. डाक्टर सहित ७२ जना जनशक्तिबाट स्वास्थ्य सेवा प्रवाह गरिएको छ।

| **स्वास्थ्य सेवा प्रदायक संस्थाहरु** | | | | |
|---|---|---|---|---|
| **स्वास्थ्य संस्थाहरु** | **सङ्ख्या** | **उपचारका प्रकारहरु** | **वडा नं.** | **जनशक्ति** |
| आधारभूत नगर अस्पताल | १ | कोभिड १९ केन्द्रित सबै उपचार | ३ हाल वडा नं. १ बाट सेवा प्रवाह | ९ जना |
| स्वास्थ्य चौकी | ४ | प्राथमिक उपचार | १, ४, ६ र ८ | ३२ जना |
| आधारभूत स्वास्थ्य केन्द्र | ४ | प्राथमिक उपचार | २, ३, ५, ७ र ९ | १६ जना |
| सर्पदंश उपचार केन्द | १ | सर्पदंश उपचार | ४ | ३ जना |
| गाउँघर क्लिनिक | २० | प्राथमिक उपचार | १ देखि ९ सम्म | |
| खोप क्लिनिक | २२ | खोप सेवा | १ देखि ९ सम्म | |
| महिला स्वास्थ्य स्वयंसेविका | ८३ | परामर्श तथा प्रेषण | १ देखि ९ सम्म | ८३ जना |
| आयुर्वेद आरोग्य केन्द्र | १ | प्राथमिक उपचार | ३ | २ जना |
| श्रोतः ठाकुरबाबा नगरपालिका, २०७७ | | | | |

# खण्ड २: संस्थागत तथा संरचनागत विकास

नेपालको संविधान २०७२ ले नेपाललाई एक बहुजातिय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा बहुभौगोलिक विविधतायुक्त राष्ट्रको रुपमा स्वीकार गर्दै नागरिक स्वतन्त्रता, मानव अधिकार, बालिग मताधिकारको सुनिश्चिततासहित सबै प्रकारका विभेदहरुको अन्त्यगर्दै आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समाजवाद उन्मुख समाज सहितको राष्ट्रको परिकल्पना गरेको छ। संविधानको भाग ४ मा राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व, भाग १७ मा स्थानीय कार्यपालिका, धारा २१४ मा स्थानीय तहको कार्यकारिणी अधिकार, भाग १८ मा स्थानीय व्यवस्थापिका, भाग १९ मा स्थानीय आर्थिक कार्य प्रणाली, भाग २० मा संघ, प्रदेश र स्थानीय तहबीच अन्तर सम्बन्ध एवम् अनुसूची ८ र ९ ले व्यवस्था गरेका प्रावधानहरुको प्रयोग गरी लुम्बिनी प्रदेश अन्तर्गत अन्तर्गत बर्दिया जिल्लाको साविकका बगनाहा र नेउलापुर गाउँ विकास समितिलाई समेटेर वि. सं. २०७२ साल असोज २ गते बबई नगरपालिका स्थापना भएको र पछि शिवपुर र ठाकुरद्वारा गाउँ विकास समितिलाई समेत समावेश गरी ठाकुरद्वारामा रहेको ठाकुरद्वार मन्दिरको नामबाट यस ठाकुरबाबा नगरपालिकाको स्थापना वि.सं.२०७३ साल फाल्गुण २७ गते भएको हो । सन्तुलित विकास गरी समृद्ध नगर निर्माण गर्ने उद्देश्यका साथ नगरपालिका स्थापनासँगै २० वर्षे विकास गुरुयोजना तर्जुमा गरी सोही आधारमा समग्र नीति कार्यक्रम तय गरी यसैले परिलक्षित गरेको **'समृद्धिको लागि जनसहभागिता'** अभियानलाई मार्ग निर्देशन मानी कार्यान्वयन गरिँदै आएको छ।

ठाकुरबाबा नगरपालिकाको पहिलो जननिर्वाचित स्थानीय सरकारको सामु कार्यालय सञ्चालन समेत कहाँ गर्ने भन्ने अनिश्चयताका बीच आवश्यक कानुनको निर्माण, सङ्गठन संरचनाको स्थापना, जनशक्तिको व्यवस्थापन सहित प्रभावकारी रुपमा कार्यान्वयन गर्दै आज यहाँसम्म आईपुग्दा नगरपालिका, वडा कार्यालयहरु र स्वास्थ्य केन्द्रहरु व्यवस्थित रुपमा सञ्चालनमा आएका छन्।

## २.१ नगर कार्यपालिकाको कार्यालय स्थापना तथा सञ्चालन:

यस नगरपालिको स्थापना वि.सं. २०७३ साल फाल्गुण २७ गते भए पनि यस नगरपालिकाको स्थानीय तहको निर्वाचन २०७४ असार १४ गते भएकोले निर्वाचित जनप्रतिनिधिहरुबाट वि. सं. २०७४ साल आषाढ २२ गते पदभार ग्रहणपछि मात्र पदाधिकारी सहितको नगरपालिका बन्न सक्यो। नगरपालिका स्थापना पछिको करिब ५ महिना प्रमुख प्रशासकीय अधिकृतले नै कार्यकारी प्रमुखको रुपमा कार्य गरेको देखिन्छ। सैनवारमा यस नगरपालिको पहिलो कार्यालय स्थापना भई ६ महिना सम्म कार्यालय सञ्चालन भएपछि भुरिगाउँ स्थित हालको वडा नं. १ रहेको कार्यालयमा र पछि स्वास्थ्य चौकी नेउलापुरको भवनबाट सेवा सञ्चालन भयो। वि.सं. २०७७ साल भाद्र २५ गतेबाट हालको नयाँ भवनबाट सेवा सञ्चालन भई रहेकोछ। यसै आर्थिक वर्षभित्र भवन निर्माण कार्य सम्पन्न भई सबै शाखाहरुको कार्य यसै भवनबाट सञ्चालन गरी नगरपालिका भाडामुक्त हुने अपेक्षा गरिएको छ।



जनप्रतिनिधिहरुको स्वागत तथा पदभार ग्रहण गर्दाको तस्बिर

## २.२ वडा कार्यालयहरुको स्थापना र कार्य सञ्चालनः

ठाकुरबाबा नगरपालिकाका जननिर्वाचित प्रतिनिधिहरुबाट वि.सं. २०७४ साल आषाढ २२ गते पदभार ग्रहण गरेपछि वि.सं. २०७४ साल श्रावण ३ गते बसेको पहिलो बैठकको निर्णयबाट वडा कार्यालयहरु निम्नानुसार स्थानमा राख्ने निर्णय भएको थियो।

| वडा नं. | निर्णय भएको स्थान | हाल वडा रहेको स्थान |
|---|---|---|
| १ | साविक नेउलापुर गा.वि.स भवन | सोही स्थानमा |
| २ | रानीपुर चोक आसपास | रानीपुर, नवनिर्मित आफ्नै भवनमा |
| ३ | साविक बगनाहा गा.वि.स. भवन | सोही स्थानमा, नयाँ भवन निर्माणको चरणमा |
| ४ | मैनवार/बाहुनपुर आसपास | बाहुनपुरमा नवनिर्मित आफ्नै भवनमा |
| ५ | शाहीपुर आसपास | बनवीरपुरमा नवनिर्मित आफ्नै भवनमा |
| ६ | साविक शिवपुर गा.वि.स.भवन | सोही स्थानमा |
| ७ | सुन्दरपुर आसपास | मोहनपुरमा नवनिर्मित आफ्नै भवनमा |
| ८ | साविक ठाकुरद्वारा गा.वि.स.भवन | सोही स्थानमा |
| ९ | ठाकुरद्वारा बजार आसपास | बाघचोक नजिक, नयाँ भवन निर्माणकोचरणमा |

वडाका सम्पूर्ण जनप्रतिनिधिहरुबाट वि.सं. २०७४ आषाढ २२ गते पदभार ग्रहण गरी कार्य सञ्चालन भएको हो। आ.व. २०७४/०७५ देखि २०७७/०७८ सम्म बसेको वडा समिति बैठकको सङ्ख्या तथा निर्णय सङ्ख्याको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

| आ.व. २०७४/०७५ देखि २०७७/०७८ सम्मको वडा समिति बैठकको विवरण | | |
|---|---|---|
| वडा नं. | बैठक सङ्ख्या | निर्णय सङ्ख्या |
| १ | १४६ | २१९ |
| २ | १४९ | २१२ |
| ३ | १४४ | २२९ |
| ४ | २२९ | ३११ |
| ५ | १९९ | २३२ |
| ६ | २१० | ३१५ |
| ७ | १४७ | १४७ |
| ८ | १०८ | १०८ |
| ९ | १५० | ४०० |
| **जम्मा** | | |

### उल्लेखित बिबरणलाई स्तम्भरेखामा तपशिल अनुसार प्रस्तुत गरिएको छ।



## २.३ ऐन तथा नियमावलीको निर्माण

स्थानीय सरकार सञ्चालनकालागि संविधानमा व्यवस्था भएको अधिकारलाई आधार मानेर ठाकुरबाबा नगरपालिकामा हाल सम्म १४ वटा ऐन, छ वटा नियमावली, २ वटा नीति, ३५ वटा कार्यविधि, २ वटा निर्देशिका र

| ठाकुरबाबा नगरपालिकामा आ. व. २०७७/०७८ सम्म निर्माण भएका कानुनहरुको विवरण | | | | | |
|---|---|---|---|---|---|
| | **२०७४।०७५** | **२०७५।०७६** | **२०७६।०७७** | **२०७७।०७८** | **जम्मा** |
| ऐन | ४ | ४ | ३ | ३ | १४ |
| नियमावली | १ | १ | ३ | ० | ५ |
| नीति | १ | ० | ० | ० | १ |
| कार्यविधि | ५ | १३ | ४ | १३ | ३५ |
| निर्देशिका | १ | १ | ० | ० | २ |
| मापदण्ड | ० | ० | १ | ० | १ |
| **जम्मा** | १२ | १९ | ११ | १६ | ५८ |




## २.४ न्याय सम्पादन

सामान्य प्रकृतिका र नियमपूर्वक आएका ५२३ वटा मुद्दाहरु न्यायीक समितिमा दर्ता भएका छन् । जस मध्ये ४५० वटा मिलापत्र भएका छन् । ६२ वटा विवादहरु विचाराधिन रहेका छन् । बाँकी ५ वटा मिलापत्रको प्रक्रियामा रहेका छन् भने ६ वटा विवादहरु आवश्यक न्याय सम्पादनका लागि न्यायीक निकायमा सम्प्रेषण गरिएको छ । न्यायीक निरुपणलाई सहजीकरण गर्न तथा उत्पन्न विवादहरुलाई मेलमिलापको माध्यमबाट समाधान गर्न वडा स्तरीय र नगर स्तरीय मेलमिलापकर्ता छनौट गरी मनोपरामर्श सहितको तालिम दिएर मेलमिलाप कार्यमा खटाईएको छ। नगरपालिकामा इजलास निर्माण गरी इजलासबाटै न्यायीक निरुपण गर्ने कार्य अघि बढेको छ। न्यायीक समितिमा विषेशतः घरेलु हिंसा, कुलोपानी, लेनदेन, सामान्य कुटपिट, ज्याला मजदुरी, सम्बन्ध विच्छेद जस्ता विवादहरु आउने गरेको छ।

| न्यायीक समितिमा दर्ता भएका विवादहरुको विवरण | | |
|---|---|---|
| क्र.सं. | विवरण | संख्या |
| १ | हालसम्म दर्ता भएका विवादहरु | ५२३ |
| २ | समाधान भएका विवादहरु | ४५० |
| ३ | विचाराधिन विवादहरु | ६२ |
| ४ | प्रक्रियामा रहेका विवादहरु | ५ |
| ५ | सुझाव सहित न्यायीक निकायमा सम्प्रेषण गरिएको | ६ |
| | | ५२३ |




## २.५ सहज सामाजिक सुरक्षा भत्ता वितरणः

यस नगरपालिकामा ३८१९ जना सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरु रहेका छन् । आ.व.२०७८/०७९ देखि त्रैमासिक रुपमा लाभग्राहीहरुको खातामा वडाका लागि तोकिएको बैङ्कमा भत्ता जम्मा हुने गरी निकासा दिने र वडाले सहज हुने गरी तोकेको स्थानमा बैङ्कले आफ्नो प्रतिनिधि पठाई भत्ता वितरण गर्ने गरिएको छ । तोकिएको समय सिमामा नै लाभग्राहीहरुको खातामा रकम जम्मा हुने र वडाको पायक पर्ने स्थानबाट सहजरुपमा भत्ता प्राप्ति गर्न सकिने गरी व्यवस्था मिलाइएको छ । यस नगरपालिकाका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको विवरण तपसिल अनुसार रहेको छ।

| **नगरपालिकाका सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरुको विवरण** | | |
|---|---|---|
| **क्र.सं.** | **सामाजिक सुरक्षा भत्ताको किसिम** | **संख्या** |
| १ | ज्येष्ठ नागरिक भत्ता (७० वर्षमाथि) | **१८७५** |
| २ | ज्येष्ठ नागरिक भत्ता (दलित) | **१७०** |
| ३ | ज्येष्ठ नागरिक भत्ता (एकल महिला) | **४२०** |
| ४ | विधवा भत्ता (आर्थिक सहायता) | **६४६** |
| ५ | अपाङ्गता भत्ता (क वर्ग) | **१२३** |
| ६ | अपाङ्गता भत्ता (ख वर्ग) | **२८०** |
| ७ | दलित बालबालिका | ३०५ |
| | **जम्मा संख्या** | **३८१९** |

उल्लेखित लाभग्राहीहरुको विवरणलाई स्तम्भरेखामा यसरी देखाउन सकिन्छ ।




## २.६ आन्तरिक राजश्व सङ्कलन

करको दरलाई नभई दायरालाई फराकिलो बनाउँदै लैजाने नीति अनुरुप यस नगरपालिकामा विगत ३ वर्ष देखि राजश्वको दरमा कुनै परिवर्तन गरिएको छैन । क्रमशः राजश्वका क्षेत्रहरु विस्तार हुँदै गएका छन् । क्षेत्र विस्तार भएकै कारण राजश्व उठ्ने दरमा पनि क्रमशः सुधार हुँदै गएको देखिन्छ । जनताले तिरेको राजश्व जनताकै विकासका लागि भन्ने नीति अनुरुप वडाबाट उठेको राजश्वको ९० प्रतिशत रकम सम्बन्धीत वडामा नै फिर्ता गर्ने गरिएको छ । यस नगरपालिकाको विगत ३ वर्षको आन्तरिक राजश्वको आम्दानी र आ.व.२०७८/२०७९ को प्रस्तावित विवरण तलको तालिकामा देखाईएको छ।

| आन्तरिक राजश्व सङ्कलनको अवस्था | | | |
|---|---|---|---|
| २०७५।०७६ | २०७६।०७७ | २०७७।०७८ | २०७८।०७९ को प्रस्तावित राजश्व |
| ३,५१,३३,५२९।- | ३,५३,९४,५०२।- | ४,०५,४८,०८१।- | ५,४४,६०,०००।- |

### उल्लेखित विवरणलाई स्तम्भ रेखामा यसरी प्रस्तुत गरिएको छ ।



## २.७ नगर सभाः

नगर सभा नगरपालिकाको सर्वोच्च निकाय हो । विनियोजन ऐन, आर्थिक ऐन सहित वार्षिक नीति, कार्यक्रम, योजना तथा बजेट स्वीकृत गर्ने कार्य नगर सभाबाट नै हुन्छ। नगरपालिकाबाट जारी हुने ऐनहरु समेत नगर सभाबाट स्वीकृत हुन्छन् । यस नगरपालिकाको निर्वाचन वि.सं. २०७४ साल असार १४ गते भएकोले पहिलो नगर सभाको बैठक श्रावण १६ गते मात्र हुन सक्यो। अन्य आर्थिक वर्षको नियमित नगर सभाका बैठकहरु तोकिएको समयसिमा भित्रै बसी नियमानुसार असार १० गते नै नगरपालिकाको बजेट प्रस्तुत हुने गरेको छ। हाल सम्म ९ वटा नगरसभा अधिवेशनहरु सञ्चालन भएका छन्।

| ठाकुरबाबा नगरपालिकाको नगर सभाको बैठक र निर्णय विवरण | | | | | |
|---|---|---|---|---|---|
| | २०७४।०७५ | २०७५।०७६ | २०७६।०७७ | २०७७।०७८ | **जम्मा** |
| बैठक सङ्ख्या | १० | ८ | ५ | ६ | २९ |
| निर्णय सङ्ख्या | ४१ | २६ | १९ | २१ | १०७ |

उल्लेखित विवरणलाई रेखाचित्रमा यसरी प्रस्तुत गरिएको छ ।







## २.८ कार्यपालिकाः

कार्यपालिका नगरपालिकाको महत्वपूर्ण अङ्ग हो । कार्यविधि बनाउने, नीतिहरु तर्जुमा गर्ने, अनुगमन अनुसार आयोजनाहरुको भुक्तानी दिने निर्णय गर्ने लगायत नगरसभामा पेश हुने सबै ऐन, नीति, कार्यक्रम तथा बजेट समेत कार्यपालिकाबाट सिफारिस भएर जान्छ । नगरपालिकाको निर्वाचन भइसकेपछि वि.सं. २०७४ श्रावण २ गते पहिलो कार्यपालिकाको बैठक बसेको थियो भने हाल सम्म १५२ वटा कार्यपालिकाको बैठक बसी७३० वटा निर्णयहरु भएका छन्। आ.व.२०७८/०७९ मा ७ वटा बैठक बसी २४ वटा निर्णयहरु भएकाछन्। विगत ४ बर्षमा बसेको कार्यपालिकाको बैठक र सो को निर्णयको विवरण निम्नानुसार रहेको छ।

| ठाकुरबाबा नगरपालिकाको कार्यपालिकाको बैठक र निर्णय विवरण | | | | | |
|---|---|---|---|---|---|
| | २०७४।०७५ | २०७५।०७६ | २०७६।०७७ | २०७७।०७८ | **जम्मा** |
| बैठक सङ्ख्या | ३० | ३५ | ३५ | ३८ | १३८ |
| निर्णय सङ्ख्या | १२२ | १७४ | १८९ | २१२ | ६९७ |

**उल्लेखित विवरणलाई रेखाचित्रमा यसरी प्रस्तुत गरिएको छ ।**







## २.९ बजेट

यस नगरपालिकाले निर्धारित समयमा नै नीति, कार्यक्रम र बजेट प्रस्तुत गरी नगर सभाबाट स्वीकृत गर्ने गरेको छ। चालु खर्चलाई कम गर्दै पूँजीगत खर्चलाई बढावा दिने र भौतिक पक्षसँगै सामाजिक पक्षलाई प्राथमिता दिने गरी बजेट तर्जुमा गर्ने गरिएको छ । नगरपालिकाले तयार पारेको गुरु योजनाले परिलक्षित गरेको क्षेत्रमा प्रतिफल प्राप्त गर्ने गरी बजेट बाँडफाँट गर्ने गरिएको छ। यस नगरपालिकाको विगत ४ वर्षको बजेटको अवस्था यस प्रकार रहेको छ।

| विगत ४ वर्षको बजेट र खर्चको अवस्था (रु. हजारमा) | | | | | |
|---|---|---|---|---|---|
| शिर्षक | २०७४।०७५ | २०७५।०७६ | २०७६।०७७ | २०७७।०७८ | जम्मा |
| बजेट | ६६६६६६ | ६४४६६४ | ६५९५०५ | ७९२७५५ | २७६३५९० |
| खर्च | ४६७८१५ | ६१४६६४ | ५१७६१९ | ५६६७७२ | २१६६८७० |



## २.१० गुरुयोजना निर्माण र कार्यान्वयन

ठाकुरबाबा नगरपालिकाले २० वर्षे गुरुयोजना तयार गरेको छ। वि. सं. २०७५–२०९५ का लागि तयार भएको यस योजनामा**सम्वृद्धिका लागि जनसहभागिता**लाई मुल ध्येय मानी ८ वटा भागमा विभाजन गरिएको छ ।नगरभित्र र नगरको पहुँचमा भएका अवसर, सम्भावना, क्षेत्रहरु तथा नगरवासीहरुको क्षमता, दक्षता, चाहना, सम्भावनाहरुको लेखाजोखा तथा विश्लेषण गरी नगरको दुरदृष्टि, ध्येय, लक्ष्य, उद्देश्यहरु, परिणात्मक लक्ष्य, नीति र कार्यक्रम तथा कार्यनीतिहरु तर्जुमा गरिएको छ। यसको दुरदृष्टि र ध्येय यस प्रकार रहेको छ।

**दुरदृष्टि:**

सिर्जनशील, स्वाभिमानी, समृद्ध र सम्मानित नागरिक वातावरणमैत्री, द्रुत र दिगो विकास ठाकुरबाबाको सम्बृद्धता

**ध्येय:**

जनताको सक्रिय सहभागितामा रुपान्तरित, शान्त, समृद्ध र समावेशी ठाकुरबाबा नगरपालिकाको समग्र विकास गर्ने। तत्कालिन लुम्बिनी प्रदेशका मुख्यमन्त्री माननीय श्री शंकर पोखरेलज्यूले वि.सं. २०७६ पौष १६ गते नेपाल पर्यटन वर्ष २०२० को विशेष समारोहकाबीच गुरुयोजनाको लोकार्पण गर्नुभएको थियो।




## २.११ स्रोत साधन तथा जनशक्ति व्यवस्थापन:

नगरपालिकाको कार्यालय तथा मातहतका वडा कार्यालय तथा आधारभूत स्वास्थ्य केन्द्र/स्वास्थ्य चौकीहरु मार्फत गरिने सेवा प्रवाहमा सहजता प्रदान गर्न आवश्यक पर्ने जनशक्ति, विद्युतीय सामग्रीहरु तथा सवारी साधनहरु उपलब्ध गराइएको छ। सबै संस्थाहरुमा ईन्टरनेट जडान गरिनुका साथै राजश्व तथा व्यक्तिगत घटना दर्ताको अभिलेख अनलाईन प्रणालीबाट गर्ने गरिएको छ।

**सवारी साधनको विवरण:** यस नगरपालिकामा रहेका विकास निर्माण तथा यातायातमा प्रयोग हुने सवारी साधनको विवरण तपसिल अनुसार रहेको छ।

| सवारी साधनको विवरण | | |
|---|---|---|
| क्र.सं. | सवारी साधन | सङ्ख्या |
| १ | रोलर | १ |
| २ | ग्रेडर | १ |
| ३ | भ्याकुलोडर | २ |
| ४ | ट्र्याक्टर | २ |
| ५ | स्कारपियो | १ |
| ६ | पिकअप | १ |
| ७ | मोटरसाईकल | १८ |
| ८ | स्कुटर | ४ |
| | जम्मा | ३० |

उल्लेखित विवरणलाई रेखाचित्रमा यसरि प्रस्तुत गरिएको छ।






## जिन्सी सामाग्रीको विवरणः

नगरपालिकाको कार्यालय तथा मातहतका कार्यालयमा रहेका प्रमुख जिन्सी सामग्रीहरुको विवरण तपसिल अनुसार रहेको छ।

| ठाकुरबाबा नगरपालिकामा रहेका मुख्य जिन्सी सामग्रीहरुको विवरण | | |
|---|---|---|
| क्र.सं. | सामग्रीको विवरण | सङ्ख्या |
| १ | डेक्सटप कम्प्युटर | २८ |
| २ | ल्यापटप कम्प्युटर | ४३ |
| ३ | कम्प्युटर प्रिन्टर | ५२ |
| ४ | प्रोजेक्टर | ४ |
| ५ | टेबल | ६० |
| ६ | कुर्सि | ८१ |
| ७ | सोफासेट | २५ |
| ८ | दराज | ७४ |

उल्लेखित विवरणलाई रेखाचित्रमा यसरी प्रस्तुत गरिएको छ।




## जनशक्तिः

नगरपालिकामा स्वीकृत दरबन्दी बमोजिमका सम्पूर्ण जनशक्ति नभएता पनि हाल नगरपालिकामा ६८ जना स्थायी तथा ९७ जना करारका गरी कुल १६५ जना जनशक्तिहरुबाट सेवा प्रवाह गरिँदै आइएको छ।

| नगरपालिका तथा मातहतका कार्यालयमा कार्यरत जनशक्तिको विवरण | | | | | |
|---|---|---|---|---|---|
| क्र.सं. | पद | तह | स्थायी | करार | जम्मा |
| १ | अधिकृत | नवौं तह | १ | ० | १ |
| २ | अधिकृत | सातौं तह | २ | ० | २ |
| ३ | अधिकृत | छैठौं | ३ | ३ | ६ |
| ४ | सहायक | पाँचौं | १२ | ४ | १६ |
| ५ | सहायक | चौंथो | १६ | २६ | ४२ |
| ६ | सवारी चालक | प्रथमस्तर | ० | ७ | ७ |
| ७ | कार्यालय सहयोगी | पाँचौं स्तर | ३ | ० | ३ |
| ८ | कार्यालय सहयोगी | प्रथमस्तर | ० | १७ | १७ |
| जम्मा | | | ३७ | ५७ | ९४ |

| नगरपालिकाको स्वास्थ्य शाखा, स्वास्थ्य चौकी तथा आधारभूत स्वास्थ्य केन्द्रमा कार्यरत जनशक्तिको विवरण | | | | | |
|---|---|---|---|---|---|
| क्र.सं. | पद | तह | स्थायी | करार | जम्मा |
| १ | जनस्वास्थ्य अधिकृत | सातौं तह | २ | ० | २ |
| २ | जनस्वास्थ्यनिरीक्षक | छैठौं | २ | ० | २ |
| ३ | सि.अ.हे.व. अधिकृत | छैठौं | ४ | ० | ४ |
| ४ | सि.अ.न.मि. अधिकृत | छैठौं | १ | ० | १ |
| ५ | मेडिकल अधिकृत | आठौं | ० | १ | १ |
| ६ | हे. अ. | पाँचौं | ४ | ३ | ७ |
| ७ | सि.अ.हे.व. | पाँचौं | ३ | ० | ३ |
| ८ | सि.अ.न.मी. | पाँचौं | ३ | ० | ३ |
| ९ | स्टाफ नर्स | पाँचौं | ० | २ | २ |
| १० | ल्याब टेक्निसियन | पाँचौं | ० | १ | १ |
| ११ | अ.न.मी. | चौंथो | ७ | ७ | १४ |
| १२ | अ.हे.व. | चौंथो | २ | ६ | ८ |

| क्र.सं. | पद | तह | स्थायी | करार | जम्मा |
|---|---|---|---|---|---|
| १३ | ल्याब असिस्टेन्ट | चौंथो | ० | ५ | ५ |
| १४ | रेडियो ग्राफर | चौंथो | ० | १ | १ |
| १५ | सवारी चालक | प्रथमस्तर | ० | २ | २ |
| १६ | कार्यालय सहयोगी | पाँचौं स्तर | ३ | ० | ३ |
| १७ | कार्यालय सहयोगी | प्रथमस्तर | ० | ८ | ८ |
| १८ | स्वीपर | प्रथमस्तर | ० | ४ | ४ |
| जम्मा | | | ३१ | ४० | ७१ |

## २.१२ नीति तथा कार्यक्रम बजेट तथा बजेट र योजना प्रकाशन र प्रगति समिक्षाः

नगरपालिकाले हरेक आर्थिक वर्षको नीति तथा कार्यक्रम, बजेट र योजना पुस्तकका रुपमा प्रकाशन गर्दै आएको छ। हरेक वर्ष श्रावण महिनामा अघिल्लो वर्षमा भएका कार्यक्रमहरुको समिक्षा तथा सार्वजनिकरण गर्ने गरिएको छ। आ.व.२०७७/०७८ को बजेट नगरसभाका जनप्रतिनिधि, आम सरोकारवाला र पत्रकार सहित ३ चरणमा सर्वजनिक गरिएको छ। बजेट नीति तथा कार्यक्रम नगरसभाबाट स्वीकृत भएसँगै वेभसाइटमा राख्ने गरिएको छ।




नीति कार्यक्रम, बजेट तथा योजना पुस्तिका




वार्षिक समिक्षा तथा सार्वजनिक सुनुवाई कार्यक्रम





## २.१३ ठाकुरबाबा नगरपालिका र चीनको लियुपानसुईसँग मितेरी (सहकार्य) सम्बन्ध कायमः

नेपालको लुम्बिनी प्रदेश बर्दिया जिल्लामा अवस्थित ठाकुरबाबा नगरपालिका र चिनको गुन्जाओ प्रान्तको लियुपानसुई सहरबीच वि. सं. २०७६ साल असार २३ गते (८ जुलाई २०१९) मा मितेरी (सहकार्य) सम्बन्ध स्थापित भएको छ। ठाकुरबाबा नगरपालिकाका प्रमुख श्री घननारायण श्रेष्ठ र लियुपानसुईका गभर्नरबीच उल्लेखित मितिमा हस्ताक्षर भई मितेरी सम्बन्ध कायम भएको हो। दुवै नगर बीचको पारस्परिक समझदारी र मित्रतालाई सुदृढ गराउन सक्रियरुपमा छलफल गर्दै संस्कृति, खेलकुद, शिक्षा, उद्योग, पर्यटन, अर्थतन्त्र र व्यापार, वातावरण संरक्षण एवम् स्वास्थ्य सेवा कार्यक्रमबाट बढी भन्दा बढी लाभ लिन दुई नगरबीचको जनस्तरको आदान प्रदान, मित्रवत् छलफल तथा परामर्शबाट मित्रता आदान प्रदान गरी सम्बन्धलाई थप सुदृढीकरण गर्ने प्रतिबद्धता सम्झौतामा उल्लेख रहेको छ। सांस्कृतिक आदान प्रदानलाई बलियो बनाउन विभिन्न समयमा अन्तराष्ट्रिय रुपमा सांस्कृतिक मेला तथा पर्वहरु आयोजना गर्ने औद्योगिक मेला तथा प्रदर्शनीबाट एक आपसको मित्रता तथा समझदारीलाई विकास गर्दै दुवै नगरको जनताका सांस्कृतिक जग बलियो र सुदृढ गर्ने उद्देश्य सहित एक आपसमा संस्कृति, खेलकुद, शिक्षा, उद्योग, पर्यटन, अर्थतन्त्र र व्यापार, वातावरण संरक्षण एवम् स्वास्थ्य सेवा क्षेत्रका अनुभव साटासाट गर्ने प्रतिबद्धता समेत समझदारीपत्रमा उल्लेख रहेको छ।






MEMORANDUM OF UNDERSTANDING BETWEEN LIUPANSHUI CITY OF GUIZHOU PROVINCE OF THE PEOPLE' S REPUBLIC OF CHINA AND THAKURBABA CITY OF PROVINCE NO.5 OF THE FEDERAL DEMOCRATIC REPUBLIC OF NEPAL ON THE ESTABLISHMENT OF FRIENDLY COOPERATION RELATIONSHIP

Liupanshui City of the People' s Republic of China and Thakurbaba City of Province No.5 of the Federal Democratic Republic of Nepal (hereinafter referred to as the Both sides) have established friendship tie since 2018, in accordance with the principles of the Joint Communique on the Establishment of Diplomatic Relations between the Federal Democratic Republic of Nepal and the People' s Republic of China, for the purpose of enhancing mutual understanding and friendship between both sides, and promote common prosperity between the two cities, through friendly consultations, have reached agreement on the establishment of Friendship City relationship.

I. Both sides are willing to strengthen friendly exchanges and mutual visits to enhance mutual understanding and friendship, and actively discuss the mutual beneficial cooperation in the fields of culture, sports, education, agriculture, industry, tourism, economy and trade, environment protection, and health care, etc.

II. The development of friendly relationship between the two cities is based on people-to-people exchanges, and the two sides agree to consolidate exchanges through friendly consultations.

III. Both sides agree to strengthen cultural exchanges, such as holding international cultural festival from time to time and supporting trade fairs or expos hosted by each other, with the aim of enhancing mutual understanding and friendship between the people of the two cities and promoting the development of cultural undertakings of the two cities.

IV. Both sides shall give support to the exchanges of delegations from the two cities in the fields of culture, sports, education, agriculture, industry, tourism, economy and trade, environment protection, and health care, etc.

V. Both sides must abide to laws and regulations of the People' s Republic of China and the Federal Democratic Republic of Nepal while carrying out exchanges and cooperation.

VI. Both sides agree to establish Friendship City relationship when it comes to the right time.

VII. This Memorandum shall come into force from the date of signature and will be valid for five years. Upon expiration, it may remain in force if neither side terminates it.

VIII. This Memorandum, signed on July 8, 2019 in Liupanshui City, is done in duplicate in the Chinese and English languages, both texts being equally authentic.

(Signed)
Thakurbaba City
Province No. 5 of
the Federal Democratic Republic of Nepal

(Signed)
Liupanshui City
Guizhou Province of
the People' s Republic of China

# खण्ड ३: पूर्वाधार विकास

## ३.१ सडक

यस नगरपालिकाको पूर्वमा बबई नदी र पश्चिममा कर्णाली नदी रहेको छ। यसरी हेर्दा पूर्व-पश्चिम राजमार्गको करिब २९ कि.मि. खण्ड बबई नदीको पुल र कर्णाली नदीको पुलको बीचमा पर्दछ तर नगरपालिकाको क्षेत्रभित्र भने ९ कि.मि. खण्ड मात्र रहेको छ। यो सडकखण्डको सडक सिमा क्षेत्रमा निर्माण भएका संरचना हटाउने र भुरिगाउँ बजार क्षेत्रमा रहेका बिजुलीका पोलहरु हटाउने कार्य सम्पन्न भएको छ। हुलाकी सडक अन्तर्गत भुरिगाउँ देखि वडा नं.५ ढुङ्ग्रहवा हुँदै मधुवन नगरपालिकाको सिमानासम्म करिब७ कि.मि. सडक कालोपत्रे भएको छ। पर्यटकीय गन्तव्य बर्दिया राष्ट्रिय निकुञ्जको मुख्य कार्यालय रहेको ठाकुरद्वारासम्मको करिब १५ कि.मि. सडक पनि कालोपत्रे रहेको छ । भुरिगाउँबाट ठाकुरद्वारा जोड्ने छोटो दुरीको भुरिगाउँ-नेउलापुर-गोदाना-सुखाड- ठाकुरद्वारा सडकको ४ कि.मि. खण्ड कालोपत्रे भइसकेको छ भने बाँकी खण्डपनि कालोपत्रे हुने क्रममा रहेको छ। यस नगरपालिकाको गुरुयोजनाले परिकल्पना गरे अनुरुप प्रत्येक वडाका टोलबस्तीहरुलाई वडाको केन्द्रसँग र वडाको केन्द्रलाई नगरपालिको केन्द्रसँग जोडने गरी सडक सञ्जाल तयार भएको छ। विगत ४ बर्षमा यस नगरपालिकामा भएका भौतिक पूर्वाधार सम्बन्धी कार्यहरुको विवरण तपसिल अनुसार रहेको छ।

**ठाकुरबाबा नगरपालिकामा विगत ४ वर्षमा भएको भौतिक पूर्वाधार सम्बन्धी कार्यहरुको विवरण**

| क्र.सं. | योजनाको किसिम | एकाई | २०७४/०७५ | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | नयाँ बाटो निर्माण | मिटर | ३५२० | १९०० | २६५०० | १२०२० | ४३९४० |
| २ | ग्राभेल बाटो | मिटर | २०५०० | २३१९० | १६२५० | ७८१६ | ६७७५६ |
| ३ | कालोपत्रेसडक | मिटर | १८०० | १५०० | ० | ६१९१ | ९४९१ |
| ४ | कल्भर्ट | वटा | २६ | १३ | १५ | १८ | ७२ |
| ५ | ह्युमपमईप | स्थान | १५० | १२० | ११० | ९० | ४७० |
| ६ | विद्युत पोल | वटा | ३१७ | २०० | ३०० | ४०० | १२१७ |
| ७ | बायो फिल्टर | वटा | ० | ० | ४५० | १०८ | ५५८ |
| ८ | खानेपानी लाईन विस्तार | मिटर | ० | ० | १२००० | ११००० | २३००० |




### नगरपालिकामा निर्माण भएका तथा निर्माणाधिन केही दुरगामी प्रभावका सडकहरु:

१. **रानीपुर-कालिगौडी-मढेला सडक:** यस नगरपालिको वडा नं.२ रानीपुरबाट वडा नं.७ को कालीगौडी हुँदै वडा नं.८ को मढेलालाई जोड्ने गरी निर्माण भइरहेको यस सडकको निर्माण लागत रु. ४,४४,११,६१०।- रहेको छ। जसबाट ४३६० मिटर सडक कालोपत्रे, ४ वटा कल्भर्ट निर्माण र ७ स्थानमा ह्युमपाईप जडान हुनेछ। वि. सं. २०७८ सालको मङ्सिर महिनासम्म कार्य सम्पन्न हुने यस सडकबाट आवागमनमा सहजता हुनेछ।



२. **रामदास मार्गः** यस नगरपालिको पूर्वी प्रवेशद्वार सैनवारदेखि बर्गदा हुँदै मानपुर जोड्ने यस सडकको लागत रु. २,६९,१९,९३५।- रहेकोछ। सो बजेटबाट २९४९ मिटर लामो यस मार्ग कालोपत्रे गर्ने, १ वटा कल्भर्ट, १ स्थानमा सडक विस्तारका लागि रिटेनिङ्ग वाल तथा ३ स्थानमा ह्युमपाईप जडान गर्ने सम्पूर्ण कार्य सम्पन्न भइसकेको छ।



३. **आशारानी मार्गः** रामदास मार्गको बर्गदा र सैनवार-बाहुनपुर मार्गलाई जोड्ने यस मार्गको लागत रु. ९९,९१,७०९।- रहेको छ। यसबाट १२८५ मिटर लामो सडक स्तरोन्नती तथा कालोपत्रे बाटो भएको छ





४. **भुरिगाउँ-नेउलापुर-गोदाना-सुखाड-ठाकुरद्वारा सडकः** नगरपालिकाको प्रमुख पर्यटकीय गन्तव्य ठाकुरद्वारालाई भुरिगाउँसँग जोड्ने सबैभन्दा छोटोभुरिगाउँ-नेउलापुर-गोदाना-सुखाड-ठाकुरद्वारा सडक कालोपत्रेको करिब आधा कार्य सम्पन्न भएको छ। भुरिगाउँ देखि कन्चनपुरसम्मको करिब १३०५ मिटर सडक नगरपालिकाले कालोपत्रे गरेको हो भने बाँकी सडक खण्ड प्रदेश सरकारको बजेटबाट भइरहेको छ। उक्त बाटोको डि.पि.आर. र आई.ई.ई.को काम समेत नगरपालिकाबाट गरिएको हो।



## ३.२ नगरका वडास्तरीय गौरवका आयोजनाहरुः

आ.व.२०७७/०७८ बाट शुरुवात गरी ८ वटा वडास्तरीय गौरवका आयोजनाहरु हाल कार्यादेश भई सञ्चालनमा रहेका छन्। यसमध्ये वडा नं.४ को आशारानी मार्गको कालोपत्रे सम्पन्न भइसकेको छ भने ७ वटा आयोजनाहरु आ.व.२०७८/०७९ मा सम्पन्न हुनेछन्। यी ७ वटा आयोजनाहरु सम्पन्न भएपछि करिब १३ कि.मि. थप सडक कालोपत्रे हुनेछ।

| नगरका वडास्तरीय गौरवका आयोजनाहरुको विवरण | | | |
|---|---|---|---|
| क्र.सं. | आयोजनाको नाम | वडा नं. | लम्बाई (मिटरमा) |
| १ | भुरिगाउँ डुम्रेनी सडक कालोपत्रे | १ | १४८३ |
| २ | गिदरपुर मिर्चैया नेउलापूर मानपुर सडक कालोपत्रे | ३ | ३५०० |
| ३ | हुलाकी सडक देखि बारबर्दिया जोड्ने सडक कालोपत्रे | ४ | ७०० |
| ४ | बनकट्टि तकिया सडक कालोपत्रे | ५ | १६०० |
| ५ | मोतिपुर बकुवा सडक कालोपत्रे | ६ | १७०० |
| ६ | मोहनपुर सुन्दरपुर कालिगौडी सडक कालोपत्रे | ७ | १६६२ |
| ७ | ठाकुरद्वारा हात्तिसार सडक कालोपत्रे | ९ | २१२५ |
| | जम्मा | | १२७७० |

उल्लेखित विवरणलाई रेखाचित्रमा यसरी प्रस्तुत गर्न सकिन्छ ।





वडा नं. ३ र ९ मा निर्मित कल्भर्ट


वडा नं. ८ र वडा नं.२ को ग्राभेल बाटो




वडा नं. १ को तटबन्धन तथा वडा नं. ३ को कल्भर्ट सहितको नाला




गोबिन्दपुरमा बनेको कल्भर्ट

## ३.३ झोलुङ्गेपुल निर्माण:

यस नगरपालिकाको वडा नं.२ मा रु. ६५,९६,४३१।- को लागतमा १०९ मिटर लामो झोलुङ्गेपुल निर्माण भएको छ । यस आम्बासा खोलामाथि निर्माण गरिएको यस झोलुङ्ग पुलको निर्माणबाट वडा नं.२ अन्तर्गतका खुलपुर र सुजनपुर गाउँका नागरिकहरुलाई १२ महिना नै सहज रुपमा आवतजावत गर्न सहज भएको छ।




## ३.४ वडा कार्यालय भवन निर्माण:

यस नगरपालिकाका ९ वटा वडा कार्यालयहरु मध्ये ४ वटा वडा कार्यालयको नयाँ भवन निर्माण भएको छ भने २ वटा वडा कार्यालयको भवन आ.व.२०७८/२०८९ मा निर्माण हुनेछ।

**(क) वडा नं. ५ को वडा कार्यालय भवन:**

रु. ५७,७८,२९२।- को लागतमा वडा नं.५ को वनवीरपुरमा नव निर्मित भवन वि.सं. २०७८ साल भाद्र १० गते उद्घाटन भई सोही भवनबाट सेवा प्रवाह भइरहेको छ।





**(ख) वडा नं. ४ को वडा कार्यालय भवन:**

रु. ५४,६२,५२८।- को लागतमा वडा नं. ४ को बाबनपुरमा नव निर्मित भवन वि.सं. २०७८ साल भाद्र २३ गते उद्घाटन भई सोही भवनबाट सेवा प्रवाह भइरहेको छ।





**(ग) वडा नं.२ को वडा कार्यालय भवन:**

रु. ५५,७३,११६।- लागत रहेको वडा नं.२ को वडा कार्यालय भवन निर्माण सम्पन्न भई हाल अस्थायी कोभिड अस्पतालको रुपमा सञ्चालन भइरहेको छ।





**(घ) वडा नं.७ को वडा कार्यालय भवनः**

रु. ५४,३१,२६५।- को लागतमा वडा नं. ७ को मोहनपुरमा नव निर्मित भवन वि. सं. २०७८ साल आश्विन २१ गते उद्घाटन भई सोही भवनबाट सेवा प्रवाह भइरहेको छ।




## ३.५ आधारभूत नगर अस्पताल तथा स्वास्थ्य संस्थाहरुः

नगरवासीहरुलाई न्यूनतम स्वास्थ्य सेवा नगर क्षेत्रभित्र नै उपलब्ध गराउने उद्देश्य अनुरुप यस नगरपालिका अन्तर्गत वडा नं.३ नेउलापुरमा तत्कालिन नेउलापुर गा.वि.स.को नाममा रहेको सार्वजनिक जग्गामा १५ बेडको सुविधा सम्पन्न आधारभूत नगर अस्पताल निर्माण हुने क्रममा रहेको छ । रु. १२,२४,३०,७११।९० मा निर्माण हुने आधारभूत नगर अस्पतालको निर्माण कार्य २ वर्षभित्र सम्पन्न हुनेछ। यस अस्पतालको शिल्यान्यास तत्कालिन स्वास्थ्य तथा जनसङ्ख्या राज्यमन्त्री श्री नवराज रावतले वि. सं. २०७७साल मङ्सिर १८ गते गर्नुभएको थियो।





अस्पताल निर्माणका लागि डि.पि.आर. तथा माटो परीक्षण भई टेण्डर प्रक्रिया समेत पुरा भइसकेको छ। अस्पतालको डि.पि.आर.नक्सा यस प्रकार रहेको छ।



## सहिद स्मृति जैविक पार्कः

यस नगरपालिकाको वडा नं.२, बलातीमा सहित स्मृति जैविक पार्क निर्माणको कार्य अगाडि बढेको छ। सहिदहरुको स्मृति तथा तराईका वनस्पतिहरुको प्रवर्धन गरी बर्दिया राष्ट्रिय निकुञ्ज तथा राजमार्गमा यात्रा गर्ने यात्रुहरुको मनोरञ्जन र विश्राम समेत गर्ने गरी पार्क निर्माणको प्रक्रिया अघि बढाइएको छ।



## नेउलापुर स्वास्थ्य चौकी भवनः

यस नगरपालिका अन्तर्गत नेउलापुर स्वास्थ्य चौकीको भवन निर्माणको कार्य पुरा भएको छ। भवन हस्तान्तरण पश्चात केही समयमा नवनिर्मित भवनबाट सेवा प्रवाह हुनेछ, जसबाट सहज रुपमा स्वास्थ्य सेवा प्रदान गर्न अझ बढी सहज हुने अपेक्षा गरिएको छ।



## बगनाहा स्वास्थ्य चौकी भवनः

यस नगरपालिका अन्तर्गत बगनाहा स्वास्थ्य चौकीको भवन निर्माणको कार्य पुरा भएको छ । भवन हस्तान्तरण पश्चात केही समयमा नवनिर्मित भवनबाट सेवा प्रवाह हुनेछ, जसबाट सहज रुपमा स्वास्थ्य सेवा प्रदान गर्न अझ बढी सहज हुने अपेक्षा गरिएको छ।



## शिवपुर स्वास्थ्य चौकी भवनः

यस नगरपालिका अन्तर्गत शिवपुर स्वास्थ्य चौकीले विगत २ बर्ष देखि नवनिर्मित भवनबाट स्वास्थ्य सेवा प्रवाह गरिरहेको छ।



## ठाकुरद्वारा स्वास्थ्य चौकीः

यस नगरपालिका अन्तर्गत वडा नं.८ को ठाकुरद्वारा स्वास्थ्य चौकी चिट्कैयामा आवश्यक सुदृढीकरण गरी स्वास्थ्य सेवा प्रवाह भइरहेको छ।



## रानीपुर आधारभुत स्वास्थ्य केन्द्र भवनः

यस नगरपालिका अन्तर्गत वडा नं.२ को आधारभुत स्वास्थ्य केन्द्रको सेवा पेरहनीबाट सञ्चालन हुँदै आएकोमा हाल वडा कार्यालयसँगै रानीपुरमा नयाँ भवन निर्माण सम्पन्न भएको छ। अब नवनिर्मित भवनबाट सेवा प्रवाह भएसँगै सेवामा सहजता हुनेछ।



## नेउलापुर आधारभुत स्वास्थ्य केन्द्र भवनः

वडा नं. ३ को आधारभुत स्वास्थ्य केन्द्रको भवन निर्माण कार्य अन्तिम चरणमा पुगेको छ।



## बनकट्टि आधारभुत स्वास्थ्य केन्द्र भवनः

यस नगरपालिका अन्तर्गत वडा नं.५ को आधारभुत स्वास्थ्य केन्द्र बनकट्टिमा निर्माण सम्पन्न भई नवनिर्मित भवनबाट सेवा प्रवाह भइरहेको छ।



## मोहनपुर आधारभुत स्वास्थ्य केन्द्र भवनः

यस नगरपालिका अन्तर्गत वडा नं. ७ को आधारभुत स्वास्थ्य केन्द्रको भवन मोहनपुरमा निर्माण सम्पन्न भई नवनिर्मित भवनबाट सेवा प्रवाह भई रहेको छ।




## ठाकुरद्वारा आधारभुत स्वास्थ्य केन्द्र भवनः

यस नगरपालिका अन्तर्गत वडा नं.९ को आधारभुत स्वास्थ्य केन्द्रको भवन ठाकुरद्वारामा निर्माण सम्पन्न भई नवनिर्मित भवनबाट सेवा प्रवाह भइरहेको छ।



## ३.६ नगरपालिका भवनः

ठाकुरबाबा नगरपालिकाको पहिलो जननिर्वाचित स्थानीय सरकारको सामु कार्यालय सञ्चालन समेत कहाँबाट गर्ने भन्ने अनिश्चयताकाबीच आवश्यक कानुनको निर्माण, सङ्गठन संरचनाको स्थापना, जनशक्तिको व्यवस्थापन सहित प्रभावकारी रुपमा कार्यान्वयन गर्दै आज नगरपालिकाको आफ्नै भवनबाट सेवा प्रवाह हुँदै आएको छ । रु.२,९२,६५,८६९।- को लागतमा निर्माण सम्पन्न हुने यस भवनको निर्माण पछि नगरपालिका भाडामुक्त हुने समेत अपेक्षा गरिएको छ।



## ३.७ विद्यालयहरुको भौतिक सुविधा विस्तारः

सामाजिक क्षेत्रको विकासका लागि शिक्षाको विकास अनिवार्य शर्त हो। सामुदायिक शिक्षालाई सुधार गरी अभिभावकको रोजिने र खोजिने बनाउन प्राविधिक क्षेत्रसँगै विद्यालयको भौतिक पूर्वाधार विकास गर्नु अपरिहार्य छ। विद्यालयलाई आवश्यक पर्ने न्यूनतम भौतिक सुविधा विस्तारका लागि निरन्तर कार्यहरु सञ्चालन भइरहेका छन्।

## विद्यालय भवन निर्माणः

यस नगरपालिकाको स्थापना पश्चात हालसम्म ६६ वटा कक्षाकोठा, ८ वटा शौचालय, ३ वटा विद्यालयमा पुस्तकालय, ४ वटा ICT प्रयोगशाला र ४वटा विद्यालयमा विज्ञान प्रयोगशाला स्थापना भएका छन्।

यस नगरपालिकाको वडा नं. १ भुरिगाउँमा रहेको श्री त्रिभुवन मा. वि.नमुना विद्यालयमा रुपमा समेत छनौट भएको छ। उक्त विद्यालयमा शौचालय सहितको ८ कोठे २ तले भवन र निर्माण हुँदै छ।





श्री चुरे मा.वि., बगनाहामा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम मार्फत निर्माण गरिएको हलसहितको कक्षाकोठा



श्री शिवसुन्दर माध्यमिक विद्यालय, सुन्दरपुरमा निर्माण गरिएको ४ कोठे विद्यालय भवन




श्री हिमालय आधारभूत विद्यालय मिर्चैयामा निर्माण सम्पन्न भई तत्कालिन उद्योग तथा वाणिज्य राज्यमन्त्री मा. विमला बि.क. ज्यूबाट उद्घाटन भएको ३ कोठे भवन



श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय ठाकुरद्वाराको नवनिर्मित ४ कोठे भवन




श्री चुरे मा.वि. बगनाहा



श्री जनज्योति माध्यमिक विद्यालय,बकुवाको विद्यालय भवन



श्री किसान मा.वि. को वनवीरपुर सेक्टरको रङ्गरोगन तथा कम्पाउण्डवाल




श्री बालज्योति प्रा. वि. को भवन रङ्गरोगन तथा विद्यालयमा निर्माण गरिएको कम्पाउण्ड वाल



श्री शारदा आ.वि. शाहीपुरको विद्यालय भवन रङ्गरोगन तथा कम्पाउण्ड वाल सहित २ कोठे भवन निर्माण



विद्यालयहरुमा निर्माण गरिएका अपाङ्गमैत्री तथा छात्रामैत्री शौचालय



श्री त्रिभुवन मा.वि. को बाह्य वातावरण सुधार तथा श्री बबई शिशु मन्दिर मा.वि. को रङ्गरोगन




श्री जगदम्बा मा.वि.मठेला र श्री किसान मा.वि. बनकट्टीमा खानेपानी व्यवस्थापन




जनप्रतिनिधिबाट विद्यालय व्यवस्थापन पछि सुधारिएको श्री ज्ञानोदय प्रा.वि.सत्यरुवा वडा नं. २ र सो का लागि सम्मान

## ३.८ हात्ती छेकबार पक्कि पर्खाल निर्माणः

यस नगरपालिकाको ३२ कि.मि.क्षेत्र बर्दिया राष्ट्रिय निकुन्जसँग जोडिएको छ। विशेष गरेर वडा नं. ९, ८, ६, ४ र २ का धेरै क्षेत्रहरु यसमा पर्दछन् । जङ्गली जनावरहरुको कारण निकुन्ज किनाराका नागरिकहरु रातभर जाग्राम बस्नु पर्ने कठिनतम अवस्था भोग्दै आएका छन् । बालीनालीको नोक्सानी मात्र नभई कयौं पटक धनजनको समेत क्षति हुने गरेको छ। विशेषत जङ्गली हात्तीहरु मानव बस्तीमा छिरेर बालीनाली नोक्सानी गर्ने र घरहरु भत्काई दिने समस्या रहेको छ । यसबाट बचावट गर्न पक्कि पर्खाल निर्माणलाई उच्च प्राथमिता दिई नगरपालिकाले आफ्नै स्रोत तथा प्रदेश सरकारसँग समन्वय गरी हाल सम्म ६ कि.मि.जति पक्कि पर्खाल निर्माण गरी सकेको छ । पर्खालको निर्माणबाट हालसम्म हात्तीको आवागमन र बालीनाली नोक्सानी गर्ने अन्य जनावरलाई समेत नियन्त्रण गर्न सकिएको छ। विषेशत उच्च जोखिमयुक्त क्षेत्र रहेको वडा नं. ६ र ८ लाई केन्द्रित गरी यो पर्खाल निर्माण गरिएकोमा हाल वडा नं. ४ र २ का उच्च जोखिम क्षेत्रमा समेत यसको शुरुवात गरिएको छ। हालसम्म सफल देखिएको यो विधि महङ्गो भने रहेको छ । प्रति कि.मि.लागत रु. १ करोड भन्दा बढी पर्दछ । लुम्बिनी प्रदेश सरकारको समेत यसमा सहयोग रहेको छ । लुम्बिनी प्रदेश सरकारले यस आयोजनालाई गौरवको आयोजना बनाई प्रदेशबाट सम्पादित उत्कृष्ट कार्यमा समेत समावेश गरेको छ।



वडा नं. ६ र ८ मा हात्ती छेकबारका लागि निर्माण गरिएको पक्कि पर्खाल

## सिंचाई कुलो निर्माण:

सिंचाई प्रयोजन तथा नाली समेतका लागि यस नगरपालिकाबाट ९३२ मिटर सिंचाई कुलो निर्माण भएको छ।



## मेस जाली:

बालीनालीको सुरक्षार्थ विभिन्न वडामा मेस जाली निर्माण गरिएको छ। हाल सम्म नगरपालिकाबाट ४ कि.मि.जति मेस जाली लगाइएको छ।



## तटबन्धन:

नदीको उच्च कटानको समस्याबाट नगरपालिकाका प्राय: सबै वडाहरु आक्रान्त रहेकाछन् । सो समस्यालाई मध्यनजर गरी तटबन्धन कार्यलाई उच्च प्राथमिकता दिइएको छ। हाल सम्म २ कि.मि.भन्दा बढी क्षेत्रमा तटबन्धन गरिएको छ।



## विद्युतिकरणः

यस नगरपालिकाका सबै टोलबस्तीसम्म विद्युतीय पहुँच विस्तार भएको छ। नगरपालिका र वडा समेतको सहयोगबाट १२१७ वटा विजुलीको पोल तथा ट्रान्स्फर्मर जडान गरिएको छ।



## सौर्य सडक बत्तीः

यस नगरपालिकाले वैकल्पिक उर्जाको माध्यमबाट नगरको शान्ति सुरक्षा, वन्यजन्तु नियन्त्रण तथा पर्यटन प्रवर्धनका लागि सडक किनारा तथा घना वन क्षेत्र रहेका स्थानहरुमा सौर्य सडक बत्ती कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ। सौर्य सडक बत्ती कार्यक्रमबाट हालसम्म ९८ वटा सौर्य सडक बत्ती जडान भएका छन्।



## ३.९ प्रधानमन्त्री रोजगार कार्यक्रमः

हरेक नागरिकलाईरोजगारीको हक हुने संवैधानिक व्यवस्थालाई कार्यान्वयन गर्न कम्तिमा बार्षिक १०० दिनसम्मको रोजगारी सुनिश्चित गर्ने गरी हरेक स्थानीय तहमा रोजगार सेवा केन्द्रको स्थापना गरी प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन भएको छ। सोहीव्यवस्थाअनुसार यस नगरपालिकामा पनि आ.व.२०७५/२०७६ बाट प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन भएको छ। यस कार्यक्रमबाट हालसम्म ४० वटा आयोजनाहरु सञ्चालन भएका र १६४१ जनाले रोजगारी प्राप्त गरेका छन्। आ.व. २०७८/२०७९ मा थप ३० आयोजना सञ्चालन भई २६२ जनाले १०० दिनको रोजगारी पाउने अपेक्षा गरिएको छ।

| ठाकुरबाबा नगरपालिका रोजगार सेवा केन्द्र, प्र.म.रोजगार कार्यक्रमको विवरण | | | | | |
|---|---|---|---|---|---|
| आ.व. | आयोजनाको सङ्ख्या | खर्च भएको बजेट | ज्यालामा खर्च | लाभग्रहीहरुको सङ्ख्या | औषत रोजगार दिन |
| २०७५।०७६ | १० | ३६,०९,२१३ | ३०,८०,५६४ | ५४२ | ११ |
| २०७६।०७७ | १० | ५२,११,३१९ | ४३,४९,२६२ | ६२७ | १३ |
| २०७७।०७८ | २० | १,९८,८१,७५२ | १,९८,८१,७५२ | ४७२ | ८१ |
| २०७८।०७९ | ३० | १,५१,३८,००० | १,५१,३८,००० | २६२ | १०० |

**उल्लेखित आयोजनाको बजेट रकम र ज्यालामा खर्च भएको विवरण तलको स्तम्भ रेखामा देखाईएको छ ।**






वडा नं. १ को खानेपानी लाईन विस्तार तथा वडा नं.२ को बाटो स्तरोन्नती



वडा नं.६ को खानेपानी लाईन विस्तार तथा वडा नं.७ को नयाँ ट्रयाक निर्माण

## ३.१० खानेपानी आयोजनाः

यस नगरपालिकाले खानेपानी तथा सरसफाई अभियानलाई सबै टोलबस्तीसम्म विस्तार गरी एक घर एक धाराको नारालाई सार्थकता प्रदान गर्न वास योजना निर्माण गरी कार्यक्रम अगाडि बढाएको छ।




हाल वडा नं.१ को भुरिगाउँ र वडा नं.६ को बकुवा गरी २ वटा खानेपानी आयोजना मात्र सञ्चालनमा रहेका छन्, ती आयोजनाहरुबाट ६२६ घरधुरी लाभान्वित भएकोमा आयोजनाको क्षमता र सेवा क्षेत्र विस्तार गर्दै विभिन्न खानेपानी आयोजना सञ्चालित हुँदै रहेका छन्।



वडा नं.८ मा निर्माण भएको खानेपानी आयोजना



वडा नं. ३ र ५ मा निर्माण हुँदै गरेका खानेपानी आयोजनाहरु



वडा नं. ९ र ७ मा निर्माणाधिन खानेपानी आयोजनाहरु

## ३.११ खेल मैदान तथा कवर्ड हल:

एक वडा एक खेल उद्यानलाई क्रमश विकास गर्दै जाने गरी यस नगरपालिकाले खेल पुर्वाधार विकासका लागि बजेटको व्यबस्थापनको सुरुवात गरेको छ। यस नगरपालिकाको वडा नं.२ मा रहेको ८ औं राष्ट्रिय खेलकुद प्रतियोगिता अन्तर्गत खो खो खेल सञ्चालन गर्न तयार भएको कवर्ड हललाई बहु उपयोगी बनाउने गरी सो को कवर्ड गर्ने कार्य सम्पन्न गरिएको छ।



वडा नं. २ रानीपुरस्थित खो खो कवर्ड हल कवर्ड गर्नु अघि र पछिको फोटो



वडा नं. ७ कानपुरस्थित खेल मैदान

# खण्ड ४ : सामाजिक विकास

## ४.१ स्वास्थ्य सेवा:

स्वास्थ्य सेवालाई सुरक्षित र भरपर्दो बनाउन तत्काल रहेका ४ वटा स्वास्थ्य चौकीलाई विस्तार गरी हाल एउटा आधारभूत नगर अस्पताल सहित ४ वटा वडामा स्वास्थ्य चौकी र ५ वटा वडामा आधारभुत स्वास्थ्य केन्द्र स्थापना गरी  स्वास्थ्य सेवा प्रवाह भइरहेको छ। आधारभूत नगर अस्पातालबाट हाल कोभिड १९ लक्षितउपचार भइरहेको छ । ४ वटा आईसियु बेड सहित २५ बेड र मेडिकल अधिकृत सहित ९ जना जनशक्तिबाट नगर अस्पताल सञ्चालन गरिएको छ। नगरपालिकाले आफ्नै स्रोतबाट आ.व.२०७६/०७७ बाट नै मेडिकल अधिकृत नियुक्त गरी स्वास्थ्य सेवा प्रवाह गरिएको छ। जनसङ्ख्या र भूगोलको आधारमा महिला स्वास्थ्य स्वयंसेविकाहरुको मिलान र ६० वर्ष पुगेकाहरुको बिदाई गरी सेवालाई थप चुस्त बनाउने प्रयास गरिएको छ। यस नगरपालिकामा रहेका स्वास्थ्य संस्थाहरु, जनशक्ति र सेवाहरुको विवरण तलप्रस्तुत गरिएको छ।

### ४.१.१ संस्थागत तथा संरचनागत विकास:

प्रत्येक नागरिकको आधारभूत स्वास्थ्य सेवा नि:शुल्क प्राप्त गर्ने हक सुनिश्चित गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको अधिकारलाई प्रयोग गरी स्वास्थ्य सेवामा आवश्यक संस्थागत र संरचनागत प्रणाली विकास गर्ने कार्यहरु सञ्चालन हुँदै आएका छन्। साविकका ४ वटा गा.वि.स.मा स्थापना भएका स्वास्थ्य चौकीलाई सबलिकरण गर्दै बाँकी ५ वटा वडामा आधारभुत स्वास्थ्य केन्द्रको स्थापना तथा आधारभूत नगर अस्पताल र आयुर्वेद आरोग्य केन्द्र सहित ११ वटा स्वास्थ्य संस्थाहरुबाट स्वास्थ्य सेवा प्रवाह भइरहेको छ। हाल यस नगरपालिकामा रहेका स्वास्थ्य सेवा प्रदायक संस्थाहरु तथा जनशक्तिको विवरण यस प्रकार रहेको छ।

| स्वास्थ्य सेवा प्रदायक संस्थाहरु | | | | |
|---|---|---|---|---|
| **स्वास्थ्य संस्थाहरु** | **सङ्ख्या** | **उपचारका प्रकारहरु** | **वडा नं.** | **जनशक्ति** |
| आधारभूत नगर अस्पताल | १ | कोभिड १९ केन्द्रित सवै उपचार | ३ हाल वडा नं. १ बाट सेवा प्रवाह | ९ जना |
| स्वास्थ्य चौकी | ४ | प्राथमिक उपचार | १, ४, ६ र ८ | ३२ जना |
| आधारभूत स्वास्थ्य केन्द्र | ४ | प्राथमिक उपचार | २, ३, ५, ७ र ९ | १६जना |
| सर्पदंश उपचार केन्द | १ | सर्पदंश उपचार | ४ | ३ जना |
| गाउँघर क्लिनिक | २० | प्राथमिक उपचार | १ देखि ९ सम्म | |
| खोप क्लिनिक | २२ | खोप सेवा | १ देखि ९ सम्म | |
| महिला स्वास्थ्य स्वयंसेविका | ८३ | परामर्श तथा प्रेषण | १ देखि ९ सम्म | ८३ जना |
| आयुर्वेद आरोग्य केन्द्र | १ | प्राथमिक उपचार | ३ | २ जना |
| श्रोत: ठाकुरबाबा नगरपालिका, २०७७ | | | | |

उल्लेखित विवरणलाई रेखाचित्रबाट यसरि देखाउन सकिन्छ ।




### ४.१.२ नीतिगत व्यवस्थाः

नगरको समग्र स्वास्थ्य गतिविधिलाई चलायमान बनाउन ठाकुरबाबा नगर स्वास्थ्य ऐन, २०७६ स्वीकृत गरी कार्यान्वयन गरिएको छ। स्वास्थ्यसँग सम्बन्धित ३ वटा कार्यविधि पनि स्वीकृत भई कार्यान्वयन भएको छ। महिला स्वास्थ्य स्वयंसेविकाहरुको पद मिलान, उमेर नाघेकाहरुको बिदाई तथा नयाँ भर्ना समेत गर्न महिला स्वास्थ्य स्वयंसेविका परिचालन सम्बन्धी कार्यविधि, २०७७ कार्यान्वयन गरिएको छ। नगर स्वास्थ्य व्यवस्थापन समिति तथा वडा स्वास्थ्य व्यवस्थापन समिति गठन भई नियमित बैठक तथा समिक्षा हुने गरेको छ।

### ४.१.३ स्वास्थ्य सेवा प्रवाहः

नगरपालिकामा हाल ११ वटा स्वास्थ्य संस्थाहरुबाट स्वास्थ्य सेवा प्रवाह भइरहेको छ। पछिल्लो २ वर्ष कोभिड-१९ बाट आक्रान्त भएकोले सोसँग सम्बन्धित उपचार सेवालाई उच्च प्राथमिता दिइएको छ। स्वास्थ्य सेवा प्रदायक संस्थाहरुबाट प्रवाह भएको सेवाको विवरण यस प्रकार रहेको छ।

**आ. व. २०७४।७५ देखि०७७।७८ सम्मको स्वास्थ्य कार्यक्रम तथा उपलब्धिहरुको विवरण**

| क्र. स. | कार्यक्रम तथा क्रियाकलाप | आ. व.का उपलब्धिहरु | | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | | ०७४।७५ | ०७५।७६ | ०७६।७७ | ०७७।७८ | |
| १ | स्वास्थ्य चौकीको सङ्ख्या | ४ | ४ | ४ | ४ | ४ |
| २ | आधारभुत स्वास्थ्य केन्द्रको सङ्ख्या | २ | ५ | ५ | ५ | ५ |
| ३ | नियमित खोप सेवा पाएकाको सङ्ख्या | ७८३६ | ७७९७ | ८४९६ | ६७२४ | ३०८५३ |
| ४ | OPD मा नयाँ बिरामी सङ्ख्या | ३५३१६ | ३१८२३ | २६०१९ | १९१८४ | ११२३४२ |
| ५ | सुत्केरी यातायात खर्च पाएको सङ्ख्या | ५०५ | ५४२ | ६०६ | ५८४ | २२३७ |
| ६ | गर्भवती जाँच प्रोत्साहन पाएको सङ्ख्या | ४१८ | ४३१ | ५०० | ४८९ | १८३८ |
| ७ | नयाँ मापदण्ड अनुसार स्वास्थ्य चौकी भवन निर्माण | ० | १ | १ | ३ | ३ |
| ८ | आधारभुत स्वास्थ्य केन्द्र भवन निर्माण | ० | ० | २ | ५ | ५ |
| ९ | कोभिड संक्रमित व्यवस्थापन सङ्ख्या | ० | ० | ७५६ | १५१७ | २२७३ |
| १० | आइसोलेशन तथा आधारभुत नगर अस्पताल सेवा | ० | ० | ७५ | १६४ | २३९ |
| ११ | कोभिड खोप सङ्ख्या | ० | ० | ० | १६५९२ | १६५९२ |

| क्र. स. | कार्यक्रम तथा क्रियाकलाप | आ. व.का उपलब्धिहरु | | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | | ०७४।७५ | ०७५।७६ | ०७६।७७ | ०७७।७८ | |
| १२ | निशुल्क उपचार सिफारिस गरिएको सङ्ख्या | ० | ० | ३१ | ३६ | ६७ |
| १३ | स्वास्थ्यकर्मी सङ्ख्या | ४३ | ४७ | ६० | ६४ | २१४ |
| १४ | चिकित्सक सङ्ख्या | ० | ० | १ | १ | १ |
| १५ | महिला सामुदायिक स्वास्थ्य स्वयम्सेविका सङ्ख्या | ८३ | ८३ | ८३ | ८३ | ८३ |
| १६ | खोप केन्द्र सङ्ख्या | २२ | २२ | २२ | २९ | २९ |
| १७ | गाउँघर क्लिनिक सङ्ख्या | १८ | १८ | २० | २० | २० |
| १८ | स्वस्थ्य बिमा कार्यक्रम अन्तर्गत जम्मा बिमित सङ्ख्या | ० | ० | ० | ९२४१ | ९२४१ |
| १९ | Antigen गरेको जम्मा सङ्ख्या | ० | ० | ० | १७०६ | १७०६ |
| २० | PCR गरेको जम्मा सङ्ख्या | ० | ० | २५५२ | १०३० | ३५८२ |

उल्लेखित विवरण मध्ये केही विवरणलाई तलको रेखा चित्रमा प्रस्तुत गरिएको छ ।




### ४.१.४ स्वास्थ्य उपकरणहरुः

आधारभुत नगर अस्पतालमा बिरामीको सेवालाई चुस्त बनाउन स्वास्थ्य उपकरण आवश्यक मात्रामा हुनु जरुरी छ। आधारभूत स्वास्थ्य अस्पतालमा रहेका उपकरणहरुको विवरण यस प्रकार रहेको छ।

| आधारभूत नगर अस्पतालमा रहेको स्वास्थ्य उपकरणको विवरण | | | |
|---|---|---|---|
| क्र.सं. | उपकरणको विवरण | सङ्ख्या | कैफियत |
| १ | जनरल वेड | २३ | ठूलो |
| २ | ICU बेड | ४ | ठूलो |
| ३ | अक्सिजन सिलिण्डर | ४० | ठूलो |
| ४ | अक्सिजन सिलिण्डर | ८ | सानो |
| ५ | अक्सिजन कन्सन्टेटर | १० | ठूलो |
| ६ | अक्सिजन कन्सन्टेटर | ५ | सानो |

उल्लेखित विवरणलाई स्तम्भ रेखामा यसरी देखाउन सकिन्छ ।






नेउलापुर स्वास्थ्य चौकीमा उपचारका लागि थप तपसिल बमोजिमका स्वास्थ्य उपकरणहरु रहेका छन् ।

| नेउलापुर स्वास्थ्य चौकीमा रहेका उपकरणहरु | | | |
|---|---|---|---|
| क्र.सं. | उपकरणको विवरण | कम्पनी | सङ्ख्या |
| १ | एनिमिया सिकलसेल परीक्षण | BIO- RED- D_10 | १ |
| २ | टि.बि.परीक्षण | GeneXpert (Cepheid) | १ |
| ३ | रगत परीक्षण | Bio Chemistri Analyzer | १ |
| ४ | एक्सरे | Trimex(Tx55 laser Imeger) | १ |
| | | Computer (NOC) | १ |
| | | K R System | १ |
| | | BPL XRAD300 | १ |
| | | BPL Multio | १ |
| ५ | ई. सि. जि. | | १ |






### ४.१.५ स्वास्थ्य चौकी तथा आधारभुत स्वास्थ्य रहेका सामग्रीहरुको विवरण:

यस नगरपालिकाका ४ वटै स्वास्थ्य चौकीमा ल्यावको व्यवस्था रहेको छ। स्वास्थ्य चौकी र आधारभुत स्वास्थ्य केन्द्रमा न्यूनतम आधारभूत सामग्रीको व्यवस्थापन गरिएको छ। नेउलापुर स्वास्थ्य चौकीमाएनिमिया सिकलसेल जाँच मेसिन, टि.बि.जाँच जीनस्पट, एक्सरे लगायतका मेसिन समेत रहेको छ। स्वास्थ्य सेवाको सूचनालाई व्यवस्थित बनाउन HMIS सबै स्वास्थ्य संस्थाहरुबाट भर्न सक्ने गरी आवश्यक व्यवस्थापन गरिएको छ। हाल स्वास्थ्य संस्थाहरुमा रहेका सामग्रीको विवरण तल दिइएको छ।

| ठाकुरबाबा नगरपालिकाका स्वास्थ्य संस्थामा रहेका सामग्रीहरुको विवरण | | |
|---|---|---|
| क्र.सं. | सामग्रीहरुको नाम | सङ्ख्या |
| १ | माईक्रोसकोप | ४ |
| २ | रेफ्रिजेरेटर | १० |
| ३ | हातधुनेकेन्द्र | ९ |
| ४ | बेबि आर्मर | ३ |
| ५ | ल्यापटपकम्प्युटर | ५ |
| ६ | कम्प्युटर प्रिन्टर | ७ |
| ७ | डेलिभरि बेड | ४ |

माथिको विवरणलाई रेखाचित्रमा यसरी प्रस्तुत गरिएको छ।




### ४.१.६ निशुल्क कोभिड-१९ उपचारः

कोभिड १९ को उपचारलाई २४ सै घण्टा तथा निःशुल्क गरिएको छ। अक्सिजन आपुर्तिलाई सहज बनाई कोभिड बिरामीले प्रयोग गर्ने एम्बुलेन्स, उपचार तथा बिरामी र कुरुवालाई समेत निःशुल्क खानाको व्यवस्था गरिएको छ। हाल सम्म यस अस्पतालबाट ७३६ जनाले सामान्य उपचार तथा १७६ जना अस्पतालमा भर्ना भएर उपचार सेवा लिएका छन्।





### ४.१.७ एम्बुलेन्स सेवाः

नगरपालिकाले भन्सार छुटमा २ वटा एम्बुलेन्स लिन सक्ने प्रावधान अनुसार यस नगरपालिकाले २ वटा एम्बुलेन्स खरिद गरी नेउलापुर स्वास्थ्य चौकी र ठाकुरद्वारा स्वास्थ्य चौकी व्यवस्थापन समितिको मातहत रहने गरी हस्तान्तरण गरिएको छ । ज्येष्ठ नागरिक अपाङ्गतथा स्वास्थ्य संस्थामा सुत्केरी हुननसकी रिफर भएका गर्भवतीलाई एम्बुलेन्स सेवा निःशुल्क गर्ने नीति लिईएको छ।






### ४.१.८ पूर्ण खोप सुनिश्चितता नगरपालिका घोषणाः

नगरपालिकाका १६ देखि २३ महिनासम्मका सबै बालबालिकालाई पूर्ण खोप लगाई यस नगरपालिका मिति २०७८/०३/१६ गते पूर्ण खोप सुनिश्चित नगरपालिका घोषणा भएको छ।



नेपाल सरकार
खोप समन्वय समितिको सचिवालय
बर्दिया

पूर्ण खोप सुनिश्चितता नगरपालिका प्रमाण-पत्र

पूर्ण खोप वडा/न.पा./गाउँपालिका सुनिश्चितता गर्ने राष्ट्रिय पूर्ण खोप निर्देशिका बमोजिम सम्पूर्ण प्रक्रियाहरु पुरा गरी लुम्बिनी प्रदेश बर्दिया जिल्ला ठाकुरबाबा नगरपालिकाले २०७८/०३/१६ मा १६ देखि २३ महिना सम्मका सबै बालबालिकाहरुलाई १५ महिनाको उमेरभित्र पाउनु पर्ने सबै खोप दिलाई पूर्ण खोप पाएको सुनिश्चित गरिएको हुँदा स-धन्यवाद यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

तँहाबाट गरिएको अथक प्रयासको प्रशंसा गर्दै पूर्ण खोपको अवस्था निरन्तर कायम राख्नुहुनेछ भन्ने अपेक्षा गरिएको छ ।

सदस्य सचिव
खोप समन्वय समिति

अध्यक्ष
खोप समन्वय समिति



### ४.१.९ विभिन्न शिविर तथा क्याम्पहरुः

सबै स्वास्थ्य सेवा उपलब्ध गराउन कठिनाई रहेको तथा बाह्य क्षेत्रमा गई उपचार गर्न कठिनाई हुने नागरिकको अवस्थालाई मध्यनजर गर्दै नगरपालिकाले विभिन्न शिविर तथा क्याम्पहरुका माध्यमबाट जनस्वास्थ्यमा पहुँच अभिवृद्धि गर्दै आएको छ।



१० दिनसम्म सञ्चालित महिलाहरुको पाठेघरको मुखको नि:शुल्क क्यान्सर परीक्षण तथा पाठेघर खसेका महिलाको नि:शुल्क अप्रेसनको लागि छनौट शिविर

### ४.१.१० पोषण स्क्रिनिङ्ग शिविर:

५ बर्षभन्दा मुनिका बालबालिकाहरुको पोषण अवस्था पहिचान गर्न पोषण स्क्रिनिङ्ग शिविर सञ्चालन गरियो।




### ४.१.११ रक्तदान शिविर:

ठाकुरबाबा नगरपालिकाले नेपालगञ्ज ब्लड बैङ्कको सहकार्यमा हरेक वर्ष रक्तदान शिविर सञ्चालन गर्दै आएको छ।

| ठाकुरबाबा नगरपालिकाको रक्तदान शिविरमा रक्तदान गर्ने रक्तदाता विवरण | | | |
|---|---|---|---|
| २०७५/०७६ | २०७६/०७७ | २०७७/२०७८ | जम्मा |
| १०५ | १३६ | ११२ | ३५३ |

उल्लेखित विवरणलाई स्तम्भ रेखामा यसरी प्रस्तुत गरिएको छ।





रक्तदान शिविर र शिविरमा रक्तदान गर्दै नगर प्रमुख

### ४.१.१२ सुत्केरी तथा गर्भवती आमालाई पोषिलो खाना वितरणः

यस नगरपालिकाका ९ वटा स्वास्थ्य संस्थाहरुबाट गर्भवती तथा सुत्केरी आमाहरुका लागि पोषिलो खानाका लागि रु. १००० बराबरको अण्डा वितरण गरिएको छ।



अण्डा वितरण कार्यक्रम

## ४.२ शिक्षा सेवाः

शिक्षाको समुचित विकास नभई सम्वृद्धि र दीगो विकास असम्भव छ । यसै कारण गुरुयोजना र नगरपालिकाको नीति, कार्यक्रम र बजेटमा शिक्षालाई उच्च प्राथमिकता दिइएको छ। यस नगरपालिका वि.सं. २०७३ सालमा नै साक्षर घोषणा भएको हो। यहाँको साक्षरता दर ९६ प्रतिशत भन्दा बढी रहेको छ। सामुदायिक शिक्षालाई गुणस्तरीय बनाई अभिभावकहरुको विश्वसनीय बनाउन विद्यालयको भौतिक, शैक्षिक र व्यवस्थापकीय पक्षलाई समुचित ढङ्गले विकास गर्ने प्रयत्न गरिएको छ। विद्यार्थी सङ्ख्या र सञ्चालित कक्षाका आधारमा थप जनशक्तिको व्यवस्थापन, समान तहको विद्यालयमा समान तहको शिक्षकबाट विद्यालयको नेतृत्व गर्ने, सबै विद्यालयमा ईन्टरनेटको जडान सहित विद्यालयहरुलाई नविनतम प्रविधि सहयोग गरिएको छ। एक वडा एक ठूलो विद्यालयको अवधारणा सहित ९ वटै वडामा एक माध्यमिक तहको विद्यालय स्थापना र विद्यालयहरुलाई क्रमशः गाभ्ने कार्यलाई कार्यान्वयन गरिएको छ । यस नगरपालिकामा हाल सञ्चालित विद्यालयको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

**ठाकुरबाबा नगरपालिकामा रहेका विद्यालयहरुको विवरण**

| शिर्षक | २०७५ | २०७६ | २०७७ | २०७८ |
|---|---|---|---|---|
| सामुदायिक | ३२ | ३२ | २७ | २६ |
| संस्थागत | १५ | १४ | १४ | १४ |
| जम्मा | ४७ | ४६ | ४१ | ४० |

उल्लेखित विवरणलाई स्तम्भ रेखामा यसरी प्रस्तुत गरिएको छ ।




### ४.२.१ संस्थागत तथा संरचनागत विकास:

राज्य पुनर्संरचनापछि संवैधानिक रुपमा स्थानीय तहलाई प्रदत्त शैक्षिक अधिकारको क्षेत्रलाई व्यवस्थित बनाउका लागि नगर शिक्षा समितिको गठन, स्थानीय शिक्षा ऐन र नियमावली तथा कार्यविधि निर्माण तथा कार्यान्वयन गरिएको छ । शिक्षा ऐन तथा नियमावली अनुसार सबै सामुदायिक तथा संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समिति गठन गरिएको छ । बालबालिकाहरुको सिकाईलाई गुणस्तरीय बनाउन तथा सिकाईलाई मापन गर्न नगर परीक्षा बोर्ड तथा नगर स्तरीय परीक्षा समिति बनाई सबै विद्यालयको मूल्याङ्कनलाई एउटै मापदण्डबाट मापन गर्ने र उत्कृष्ट विद्यालय, शिक्षक र विद्यार्थीलाई पुरस्कृत गर्ने गरिएको छ । प्रधानाध्यापकहरुको नियमित बैठक बसी शैक्षिक बहस तथा छलफल गर्ने गरिएको छ।

| ठाकुरबाबा नगरपालिकाको शिक्षा सम्बन्धी बैठकहरु | | | | | |
|---|---|---|---|---|---|
| विवरण | २०७४/०७५ | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ | जम्मा |
| नगर शिक्षा समिति | ५ | ७ | ९ | १० | ३१ |
| नगर परीक्षाबोर्ड | ० | ८ | १२ | ५ | २५ |
| प्र.अ. बैठक | ० | १२ | १७ | १५ | ४४ |

उल्लेखित विवरणलाई रेखाचित्रमा यसरि प्रस्तुत गरिएको छ ।



### ४.२.२ विद्यालयको भौतिक पूर्वाधारः

विद्यालयको शैक्षिक गुणस्तरका लागि भौतिक सुविधा विस्तार पनि अनिवार्य शर्त हो । विद्यालयमा आवश्यकता अनुरुप कक्षा कोठा, प्रयाप्त शौचालय, खानेपानी तथा प्रयोगशालाहरु र पुस्तकालयको आवश्यकता पर्दछ। नगरपालिका तथा वडा कार्यालयहरुबाट पनि विद्यालयको आवश्कता अनुरुप भौतिक सुविधा विस्तारका कार्यहरु सञ्चालन भएका छन् । विगत ४ वर्षमा विद्यालयमा स्थापना भएका भौतिक सुविधा विस्तारका कार्यक्रमहरु यस प्रकार रहेका छन्।

| ठाकुरबाबा नगरपालिकाको विगत ४ वर्षको भौतिक सुविधा विस्तार कार्यक्रम | | | | | |
|---|---|---|---|---|---|
| विवरण | २०७५ | २०७६ | २०७७ | २०७८ | जम्मा |
| कक्षाकोठा | १२ | १२ | १७ | २५ | ६६ |
| शौचालय | १ | २ | २ | ३ | ८ |
| पुस्तकालय | १ | ० | १ | १ | ३ |
| कम्प्युटर प्रयोगशाला | ० | १ | २ | १ | ४ |
| विज्ञान प्रयोगशाला | ० | १ | २ | १ | ४ |

उल्लेखित विवरणलाई रेखाचित्रमा यसरी प्रस्तुत गरिएको छ ।




### ४.२.३ स्थानीय पाठ्यक्रम निर्माण तथा प्रयोगः

पाठ्यक्रमले निर्दिष्ट गरेको ४ घण्टी र १०० पूर्णाङ्कको कक्षा १ देखि ५ र कक्षा ६ देखि ८ सम्मको स्थानीय पाठ्यक्रम तयार गरी कार्यान्वयन गरिएको छ। **हाम्रो ठाकुरबाबा** नामबाट कक्षा १ देखि ५ सम्मको पाठ्यक्रम शैक्षिक सत्र २०७६ बाट र र कक्षा ६ देखि ८ को पाठ्यक्रम शैक्षिक सत्र २०७७ बाट कार्यान्वयन गरिएको छ। शिक्षकलाई पाठ्यक्रममा आधारित भएर कक्षा कोठामा शिक्षण गर्न सक्ने विश्वास यस पाठ्यक्रमले दिएको छ। शिक्षाविद् डा.विद्यानाथ कोईरालाबाट समेत मूल्याङ्कन गरिएको पाठ्क्रमबाट सफलतम प्रयोग देखिएको छ । बालबालिकाले आफ्नै परिवेशका विषयलाई शिक्षण गर्दा सिकाईमा रुची त भएको छ नै आफ्नो नगर, संस्कार, संस्कृति र परिवेशलाई समेत माया गर्ने वातावरण सृजित भएको छ। यसबाट **म ठाकुरबाबाको ठाकुरबाबा मेरो** भन्ने भावना क्रमशः विकास हुँदै जाने अपेक्षा गरिएको छ।




नेपाल भ्रमण वर्ष, २०२० अन्तर्गत लुम्बिनी प्रदेश सरकारले घोषणा गरेको **घुम्न जाउँ बर्दिया** कार्यक्रमको उद्घाटन समारोहमा तत्कालिन लुम्बिनी प्रदेशका मुख्यमन्त्री मा. शंकर पोखरेलले यस नगरपालिकाको स्थानीय पाठ्यक्रम हाम्रो ठाकुरबाबा लोकार्पण गर्नु भएको थियो।




मेरो ठाकुरबाबा स्थानीय पाठ्यक्रम शिक्षण सिकाई सहजिकरणका लागि शिक्षकहरुलाई हाम्रो ठाकुरबाबा स्थानीय पाठ्यक्रम स्रोत सामग्री सङ्गालो पनि प्रकाशन गरिएको छ। पाठ्यक्रम कै आधारमा शिक्षण सिकाई गर्ने भएपनि कतिपय सामाजिक सञ्जालहरुमा नपाईने र नगरपालिकाभित्रकै गतिविधिलाई समेटेर यो सङ्गालो तयार गरिएको हो।



### ४.२.४ जनशक्ति व्यवस्थापन तथा मिलानः

शिक्षण सिकाईका लागि जनशक्ति अनिवार्य सर्त हो । विद्यार्थी सङ्ख्या र सञ्चालित कक्षा कोठाका आधारमा हालपनि यस नगरपालिकाका लागि ११३ थप जनशक्ति आवश्यक देखिन्छ । विद्यालयमा न्यूनतम आवश्यक जनशक्ति तथा एक वडा एक माध्यमिक विद्यालय सञ्चालन गर्न आवश्यक पर्ने जनशक्ति समेतको व्यवस्थापन गर्न नगरपालिकाले २८ जना जनशक्ति पदपूर्ति गरेको छ। लामो समयसम्म विद्यालयको तह थप भएको तर समान तहको शिक्षकको स्थायी दरबन्दी नरहेको अवस्थालाई चिर्दै उही तहको विद्यालयमा उही तहको शिक्षकबाट नेतृत्व गर्ने गरी पालिकाभित्रको जनशक्तिको पद तथा दरबन्दी समेत मिलान गरिएको छ । नगरपालिकामा रहेका शिक्षकहरुको विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

**ठाकुरबाबा नगरपालिकाको नगर शिक्षक विवरण**

| | २०७४/०७५ | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ |
|---|---|---|---|---|
| माध्यमिक तह | ८ | १० | ११ | १४ |
| आधारभुत तह | १३ | १३ | १३ | १३ |
| प्रा.वि.तह | ० | ० | १ | १ |
| जम्मा | २१ | २३ | २५ | २८ |

उल्लेखित विवरणलाई रेखा चित्रमा यसरी प्रस्तुत गरिएको छ ।




### ४.२.५ शिक्षाको गुणस्तर सुधारका लागि गरिएका विविध गतिविधिहरुः

(क) **बालबालिकाहरुका लागि न्यानो कपडा वितरणः** बालविकास केन्द्रदेखि कक्षा २ सम्मका २,७५६ जना बालबालिकाहरुका लागि न्यानो कपडा वितरण गरिएको छ।



प्रमुख तथा उपप्रमुख लगायतबाट न्यानो कपडा वितरण

**(ख) विद्यालयकालागि स्मार्ट बोर्ड, प्रोजेक्टर तथा ल्यापटप वितरण:**

**आजको आवश्यकता प्रविधिमैत्री शिक्षण सिकाइ** भन्ने नारालाई सार्थकता प्रदान गर्न यस नगरपालिकाले ११ थान स्मार्ट बोर्ड, १९ थान प्रोजेक्टर र १२ थान ल्यापटप वितरण सहित सबै सामुदायिक विद्यालयमा ईन्टरनेट जडान गरेको छ।



स्मार्ट बोर्ड वितरण तथा प्रयोग सम्बन्धी अभिमुखिकरण


स्मार्ट बोर्डको माध्यमबाट कक्षा कोठामा शिक्षण सिकाई हुँदै

**(ग) राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिताको निरन्तरता:**

आधारभूत तहका बालबालिकालाई समेत सामेल गराई विगत ३ वर्षदेखि निरन्तर राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितालाई निरन्तरता दिइएको छ।





**(घ) विद्यालयहरुमा विज्ञान तथा कम्प्युटर प्रयोगशालाको स्थापनाः**

यस नगरपालिकाका सबै माध्यमिक विद्यालयहरुमा विज्ञान प्रयोगशाला र कम्प्युटर प्रयोगशाला तथा आधारभुत विद्यालयहरुमा कम्प्युटर प्रयोगशाला क्रमशः स्थापना गरिँदै छ।



**(ङ) बृहत् शैक्षिक सम्मेलनः**

शैक्षिक जागरण र शैक्षिक नीति तथा कार्यक्रमलाई यथार्थपरक बनाउन शिक्षाविद् डा. विद्यानाथ कोईरालाको उपस्थितिमा बृहत् शैक्षिक सम्मेलन सञ्चालन गरिएको छ।



शिक्षाविद् डा. विद्यानाथ कोईराला समारोहमा मन्तव्य राख्नु हुँदै तथा समारोहमा उपस्थित शिक्षाप्रेमी

**(च) विद्यालयका कक्षाकोठा सुधारः**

बालबालिकाको शिक्षण सिकाई सुधार गर्न विद्यालयका कक्षा कोठाको वातावरण र विद्यार्थीहरुको बसाईको व्यवस्थापनमा सुधार ल्याउन साना कक्षामा भुँई बसाई व्यवस्थापन तथा कक्षा कोठामा बुक कर्नरको व्यवस्था गरिएको छ।



बुक कर्नर र शैक्षिक सामग्री



कक्षा कोठा व्यवस्थापन

**(छ) सम्मान तथा पुरस्कार:**

शिक्षक, विद्यार्थी र विद्यालय व्यवस्थापन समितिको कार्यकुशलताबाट नै विद्यालय शिक्षाको गुणस्तरको अपेक्षा गर्न सकिन्छ। शिक्षाको महत्वपूर्ण अङ्गयी तिन वटै पक्षलाई उत्प्रेरित नगरी शिक्षाको उन्नयन हुन सक्दैन। अत: नगरपालिकाले उत्कृष्ट कार्य सम्पादन गर्ने शिक्षाकर्मी, विद्यालयलाई उन्नत बनाउन खट्ने विद्यालय व्यवस्थापन समिति र जेहन्दार विद्यार्थी तथा सिकाई उपलब्धि उत्कृष्ट हुने विद्यालयलाई सम्मान र पुरस्कृत गर्ने गरेको छ।



सम्मान तथा पुरस्कार वितरण कार्यक्रम

**(ज) विद्यालय दिवा खाजा कार्यक्रम:**

वाल विकास केन्द्र देखि कक्षा ५ सम्मका बालबालिकाका लागि नि:शुल्क दिवा खाजा कार्यक्रम सञ्चालन गरिएको छ। यसबाट बालबालिकाको विद्यालय उपस्थिति तथा टिकाउ दरमा वृद्धि भई सिकाई उपलब्धि सुधार हुने अपेक्षा गरिएको छ।



**(झ) विद्यालय बसको व्यवस्थापनः**

विद्यालयमा विद्यार्थीको सहज पहुँच तथा अङ्ग्रेजी माध्यमबाट शिक्षण सिकाई समेतमा सहजताका लागि २ वटा विद्यालय बसको व्यवस्थापन गरिएको छ।







## ४.४ भूमि सम्बन्धी समस्या समाधान आयोगको कार्यः

नेपालमा लामो समयदेखि रहेको भूमिहीन तथा अव्यवस्थित बसोबासीहरुको समस्या समाधान गर्न संवैधानिक व्यवस्था अनुसार सङ्घीय सरकारबाट भूमि सम्बन्धी समस्या आयोग गठन भई सबै स्थानीय तहमा कार्य सुचारु गर्ने क्रममा आयोगद्वारा लुम्बिनी प्रदेशको प्रदेश मुकाम बुटवलमा वि. सं. २०७७मङ्सिर २८ मा आयोजना गरिएको कार्य सम्झौता कार्यक्रममा नगर प्रमुख श्री घननारायण श्रेष्ठ, उपप्रमुख श्री कृष्णा कुश्मा थारु, प्रमुख प्रशासकीय अधिकृत श्री रामहरि रिजाल र लगत सङ्कलन इकाई प्रमुखश्री अनन्तराज सुवेदीको सहभागिता रहेको थियो।



सम्झौतापत्र हस्तान्तरण कार्यक्रम



## सम्झौतापत्र

सम्झौता पश्चात मिति २०७७ साल पुष १ गते स्थापना गरिएको लगत सङ्कलन इकाई मार्फत सङ्कलन गरिएको भूमिहीन र अव्यवस्थित बसोबासीको विवरण यस प्रकार रहेको छ।

| ठाकुरबाबा नगरपालिकामा आवेदन दिएका भूमिहीन तथा अव्यवस्थित बसोवासीहरुको विवरण | | | | |
|---|---|---|---|---|
| वडा नं. | भूमिहिन दलित | भूमिहिन सुकुम्बासी | अव्यवस्थित बसोबासी | जम्मा |
| १ | ३४ | ४० | ३७७ | ४५१ |
| २ | १०५ | ७८ | ७५० | ९३३ |
| ३ | ३३ | ३९ | २८२ | ३५४ |
| ४ | ३६ | ११ | १६४ | २११ |
| ५ | ३९ | २८ | १९० | २५७ |
| ६ | १३ | १४ | १७५ | २०२ |
| ७ | १५ | ४७ | ३०९ | ३७१ |
| ८ | ४० | ९० | ४४५ | ५७५ |
| ९ | ६५ | ५४ | ३९१ | ५१० |
| जम्मा | ३८० | ४०१ | ३०८३ | ३८६४ |


वडा नं. २ र ८ मा लगत सङ्कलन हुँदै गर्दाको फोटो

## ४.५ सुरक्षित विपन्न आवास कार्यक्रमः

यस नगरपालिकाका ८ वटा वडाहरु मध्यवर्ती क्षेत्रमा पर्ने भएकोले जङ्गली जनावर विशेषतः हात्तीले घरहरु भत्काई दिने र धनजनको समेत क्षतिहुने तथा अधिकांश गरिबीको रेखामुनि रहेका मुक्त कमैया, सुकुम्बासीहरुको बसोबास रहेकोले नगरपालिकाले विगत ४ वर्षदेखि सुरक्षित विपन्न आवास कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ जारी गरी कम लागतमा घर निर्माण गर्न मापदण्ड बनाई नगरपालिकाबाट रु. १ लाख अनुदान प्रदान गर्दै आएको छ। सो कार्यक्रमबाट हालसम्म २४६ वटा घरहरु निर्माण भइसकेका छन् भने यस आ.व. मा पनि १०० वटा घर निर्माणको प्रक्रियामा रहेका छन्।

| सुरक्षित विपन्न आवास कार्यक्रमबाट निर्माण भएका घरहरुको विवरण | | | | |
|---|---|---|---|---|
| २०७५।०७६ | २०७६।०७७ | २०७७।०७८ | २०७८।०७९ (प्रस्तावित) | जम्मा |
| ७७ | ८९ | ८० | १०० | ३४६ |



सुरक्षित विपन्न आवास कार्यक्रम मार्फत निर्माण भएका घरहरु



## ४.६ सुरक्षित नागरिक आवास कार्यक्रम (खरको छानो विस्थापन):

नेपाल सरकारले २ वर्षभित्र खरको छानो विस्थापन गर्ने महत्वपूर्ण कार्यक्रम अख्तियार गरे अनुसार यस नगरपालिकामा आ.व.२०७७/२०७८ मा १७३ घरको खरको छानो विस्थापन गरिएको छ। आ.व.२०७८/२०७९ मा बाँकी रहेका घरको खरको छानो विस्थापन गरी नगरपालिकालाई खरको छानोमुक्त नगरपालिका बनाउन प्रक्रिया अघि बढाइएको छ। सबैको पहिचानको लागि यस कार्यक्रममा समावेश हुने लाभग्राहीहरुको छानोमा रातो रङ्गको जस्तापाता प्रयोग गरिएको छ।

| खरको छानो विस्थापन वडागत लाभग्राहीहरुको विवरण | | |
|---|---|---|
| वडा नं. | छनौट भएको सङ्ख्या | सम्झौताभएको सङ्ख्या |
| १ | ८ | ७ |
| २ | ४२ | ३८ |
| ३ | १४ | ११ |
| ४ | १३ | १२ |
| ५ | २२ | १९ |
| ६ | २६ | २२ |
| ७ | १७ | १५ |
| ८ | २९ | २६ |
| ९ | २६ | २३ |
| जम्मा | १९७ | १७३ |



सुरक्षित नागरिक आवास कार्यक्रम मार्फत खरको छानो विस्थापन गरी टिनको छानो लगाएका घरहरु

## ४.७ सहिद स्मृति भवन, डे केयर सेन्टर तथा बैठक घरः

टोल सुधार संस्था, बरघर तथा गाउँ घरमा अन्य प्रयोजनका लागि बैठकहरु बस्न, खोप सञ्चालन तथा गर्भवती जाँच तथा विश्राम समेतका लागि विभिन्न वडाहरुमा चौतारी, बैठक घर, डेकेयर सेन्टर र सहिद स्मृति भवनहरु निर्माण भएका छन्।



वडा नं. ७ को डे केयर सेन्टर तथा बैठक घर



वडा नं. १ को सहिद स्मृति भवन तथा वडा नं. ५ को बैठक घर

## ४.८ सशस्त्र प्रहरीको सिमा सुरक्षा पोष्ट निर्माणमा सहयोगः

अवैध सरसामानको ओसारपसारलाई नियन्त्रण गरी सिमा क्षेत्रको सुरक्षा समेत गर्न सिमा क्षेत्रमा परिचालन गरिएको सशस्त्र प्रहरीले व्यवस्थित पोष्टको अभावमा विभिन्न कठिनाई भोगिरहेकोले मधुवन न.पा.-५, शक्तिपुरमा यस नगरपालिकाको सहयोगमा सिमा सुरक्षा पोष्ट निर्माण गरिएको छ।




सशस्त्र प्रहरीको सिमा सुरक्षा पोष्ट शिलान्यासको क्रममा नगर प्रमुख, उपप्रमुख, मधुवन नगरपालिकाका प्रमुख, प्रमुख जिल्ला अधिकारी तथा स.प्रमुख जिल्ला अधिकारी, प्रमुख प्रशासकीय अधिकृत सहितको टोली र नवनिर्मित भवन

## ४.९ शव दाह स्थलमा मलामी विश्राम स्थल:

घाम तथा पानी परेको समयमा शवदाह गर्न जाने मलामीहरु विश्राम गर्नका लागि वडा नं. ४ र ९ मा विश्राम गृह निर्माण सम्पन्न भई प्रयोगमा आइसकेको छ भने चालु आ.व.मा वडा नं. ७ र ५ मा निर्माणका लागि प्रक्रिया अघि बढेको छ।



वडा नं. ४ मा बनेको मलामी विश्राम स्थल

## ४.१० सङ्ग्रहालय स्थापना:

सबै जातजातिको पहिचानलाई स्थापित गर्न सङ्ग्रहालयहरु स्थापित भएका छन्। थारु डबलीको समेत स्थापनाको प्रयास भइरहेको छ। चालु आ.व.मा नगरस्तरीय प्रज्ञा प्रतिष्ठान स्थापना गर्ने कार्यक्रम समेत रहेको छ।



वडा नं. ६ मा रहेको दलित सङ्ग्रहालय र वडा नं. २ को थारु सङ्ग्रहालय

## ४.११ प्रहरी चौकी तथा भान्छाघर निर्माण:

सुरक्षा कार्यमा खटिने प्रहरीको कार्य सम्पादनमा सहजताका लागि प्रहरी चौकी तथा भान्छा घर निर्माण गरिएको छ। नगरपालिकामा रहेका ईलाका प्रहरी कार्यालय र ३ वटै प्रहरी चौकी तथा ट्राफिक प्रहरीलाई समेत प्रहरी साझेदारी कार्यक्रमबाट विभिन्न सहयोगहरु उपलब्ध गराइएको छ।



वडा नं. ३ मा निर्माण गरिएको प्रहरि चौकी र भान्छाघर

## ४.१२ मठ मन्दिरहरुको निर्माण तथा जिर्णोधारमा सहयोग:

मठ मन्दिरको निर्माण तथा जिर्णोधार गर्ने कार्यमा नगरपालिकाको निरन्तर सहयोग रहँदै आएको छ।



वडा नं. १ र ४ को मन्दिर

## ४.१३ मरुवा निर्माण:

थारु संस्कार र संस्कृतिसँग जोडिएको मरुवा घर निर्माणमा यस नगरपालिकाको निरन्तर सहयोग छ।



वडा नं. २ र ५ मा बनेको मरुवा घर

## ४.१४ गौशाला निर्माण:

यस नगरपालिकाका वडा नं. ४, ६ र ९ मा गरी ३ वटा गौशाला निर्माण भएका छन् ।सार्वजनिक पशुहरुको संरक्षण र सम्वर्धन गर्ने गरी गौशाला निर्माण गरिएको हो ।



वडा नं. ६ र ९ को गौशाला

## ४.१५ चर्च निर्माण:

नेपाल बहुजातीय, बहुसांस्कृतिक र बहुधार्मिक मुलुकहो । यस नगरपालिकामा पनि नेपाल कै प्रतिबिम्ब देख्न देखिन्छ । सबैको धार्मिक अस्तित्वलाई संरक्षण हुने गरी चर्च निर्माण तथा मर्मतका लागि समेत नगरपालिकाले सहयोग गर्दै आएको छ।



वडा नं. ९ र ६ मा रहेको चर्च

## ४.१६ सामाजिक पञ्जिकरण:

जन्म, मृत्यु, विवाह, सम्वन्ध विच्छेद र बसाई सराई समाजको महत्वपूर्ण सूचक हुन् । पहिचान, अभिलेखिकरण तथा जनसाङ्ख्यिकीय विवरणका लागि सामाजिक पञ्जिकरण आवश्यक छ । समयमा नै पञ्जिकरण गर्नका लागि शिविर सञ्चालन, सचेतना कार्यक्रम तथा विद्यालय भर्नालाई जन्म दर्तासँग जोड्ने कार्यबाट पञ्जिकरण गर्नेहरुको सङ्ख्या बढ्दै गएको छ। नगरपालिकाले पुराना अभिलेखहरु सबै डिजिटलाईजेसन गर्नुका साथै पञ्जिकरणलाई सवै वडामा अनलाईनबाट प्रविष्टि गर्ने व्यवस्था मिलाइएको छ । वि.सं. २०७४ सालदेखि हालसम्मको पञ्जिकरणको अभिलेख निम्नानुसार रहेको छ।

| ठाकुरबाबा नगरपालिकाको पञ्जिकरणको विवरण | | |
|---|---|---|
| क्र. सं. | विवरण | सङ्ख्या |
| १ | जन्मदर्ता | ६७४० |
| २ | मृत्यु दर्ता | १३०८ |
| ३ | सम्बन्धविच्छेद | ३८ |
| ४ | बसाई सरी आएको | ११६९ |
| ५ | बसाई सरी गएको | १६६३ |
| | जम्मा | १०९१८ |

उल्लेखित विवरणलाई स्तम्भ रेखामा यसरी प्रस्तुत गर्न सकिन्छ ।




## ४.१७ अपाङ्ग परिचयपत्र वितरणः

अपाङ्गहरुको पहिचानका लागि अपाङ्ग परिचयपत्र वितरण वडागत शिविर सञ्चालन गरिनुका साथै हरेक २ महिनामा कम्तिमा १ पटक समितिको बैठक बसी र समितिबाट निर्णय गर्नु नपर्ने परिचयपत्र तत्कालै कार्यालयबाट वितरण गर्ने गरिएको छ। हालसम्म वर्ग अनुसार अपाङ्ग परिचयपत्र प्राप्त गर्ने अपाङ्गहरुको वडागत विवरण तपसिल अनुसार रहेको छ।

| ठाकुरबाबा नगरपालिकाबाट परिचयपत्र प्राप्त गर्ने अपाङ्गहरुको विवरण | | | | | |
|---|---|---|---|---|---|
| वडा नं. | पूर्ण अशक्त अपाङ्ग | ऋति अशक्त अपाङ्ग | मध्यम अपाङ्ग | सामान्य अपाङ्ग | जम्मा |
| १ | १५ | २४ | २६ | ६ | ७१ |
| २ | ११ | ३१ | ४० | ११ | ९३ |
| ३ | १६ | ३९ | १८ | ८ | ८१ |
| ४ | १३ | २५ | १४ | ८ | ६० |
| ५ | १३ | २२ | १५ | १२ | ६२ |
| ६ | १० | २६ | १७ | ४ | ५७ |
| ७ | ११ | ३० | १३ | ९ | ६३ |
| ८ | १४ | २५ | १३ | ७ | ५९ |
| ९ | १५ | २३ | ३५ | ६ | ७९ |
| जम्मा | ११८ | २४५ | १९१ | ७१ | ६२५ |

उल्लेखित विवरणलाई स्तम्भ रेखामा यसरी प्रस्तुत गरिएको छ ।




## ४.१८ अपाङ्गमैत्री सामग्री वितरण:

अपाङ्ग नागरिकको जीवनयापन सहज बनाउनका लागि अपाङ्गमैत्री सामग्री वितरण गरिएको छ। विशेषत ह्विलचियरको सहायताले हिँडडुल गर्नुपर्ने अपाङ्गका लागि केन्द्रित गरी २७ वटा ह्विलचियर वितरण गरिएको छ।



अपाङ्ग नागरिकहरुलाई नि:शुल्क ह्विलचियर वितरण कार्यक्रम

## ४.१९ ज्येष्ठ नागरिक प्रमाणपत्र तथा सम्मान:

ज्येष्ठ नागरिक नगरपालिकाका लागि जिउँदो इतिहास र अमूल्य निधि हुन् । नगरपालिकाले ज्येष्ठ नागरिकको परिचयपत्र वितरण, ८० वर्ष माथिका ज्येष्ठ नागरिकलाई घरदैलोमा नै नि:शुल्क स्वास्थ्य सेवा, एम्बुलेन्स सेवामा सहुलियत, बुबाको मुख हेर्ने र आमाको मुख हेर्ने दिनमा घरदैलोमा नै गएर भेटघाट गर्ने, जाडोमा न्यानो कपडा वितरण तथा ज्येष्ठ नागरिक दिवसमा सम्मान गर्नुको साथै वडास्तरमा विश्राम तथा बैठक घर निर्माण, वृद्ध चौतारीमा पुस्तकालय सहयोग एवं टोलबस्तीमा रहेका धार्मिक मठ मन्दिरको मर्मत सम्भार सहयोग गर्दै आएको छ । हालसम्म नगरपालिकाबाट वितरण गरिएको ज्येष्ठ नागरिक कार्डको वडागत विवरण तपसिल अनुसार रहेको छ।

| ठाकुरबाबा नगरपालिकाको वडागत ज्येष्ठ नागरिक कार्ड वितरणको विवरण | | | | | |
|---|---|---|---|---|---|
| वडा नं. | २०७४/०७५ | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ | जम्मा |
| १ | ९ | २४० | ४१ | ७ | २९७ |
| २ | २ | ३५६ | ५ | १ | ३६४ |
| ३ | ४ | ४६ | १०३ | २७ | १८० |
| ४ | ० | १०८ | ११ | ५ | १२४ |
| ५ | ० | ६९ | १८६ | २ | २५७ |
| ६ | ० | २ | १२ | २ | १६ |
| ७ | २५९ | ० | ० | २ | २६१ |
| ८ | ० | ५ | ९३ | ४ | १०२ |
| ९ | ० | २ | ३४० | ० | ३४२ |
| जम्मा | २७४ | ८२८ | ७९१ | ५० | १९४३ |



ज्येष्ठ नागरिक दिवसमा घरदैलो भेटघाट तथा जाडोमा न्यानो कपडा वितरण कार्यक्रम



ज्येष्ठ नागरिक सम्मान कार्यक्रम

## ४.२० जनचेतनामूलक कार्यक्रमः

यस नगरपालिकाको विकासको गतिलाई अवरोध गर्ने मुख्य बाधकका रुपमा सामाजिक कुरीतिहरु एवम् नकारात्मक प्रभाव पार्ने परम्परागत मूल्य र मान्यता र समस्याहरु रहेका छन्। यस्ता नकारात्मक सामाजिक मूल्य र मान्यताहरुलाई विस्थापित गरी वैज्ञानिक दृष्टिकोण र सकारात्मक सोचको विकास गर्न नीति तथा कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गर्न तथा सचेतना अभिवृद्धि गरी सामाजिक समस्यालाई न्यूनिकरण गरी आदर्श समाजको निर्माण गर्न विभिन्न जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिएका छन्।



जनचेतनामूलक कार्यक्रमको प्रस्तुति गर्दाका केही झलकहरु



## ४.२१ खेलकुद विकासः

समग्र खेलकुदको विकास गरी प्रतिभा पहिचान गर्ने र स्वास्थ्य तथा अनुशासन समेत विकास गर्न ठाकुरबाबा नगर खेलकुद विकास तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०७६ स्वीकृत गरी कार्यान्वयन गरिएको छ । यसअघि पनि राष्ट्रपति रनिङ्ग शिल्ड लगायतका कार्यक्रम सञ्चालन हुँदै आएकोमा आ.व.२०७८/२०७९ देखि नगर तथा वडास्तरीय कार्यक्रम सञ्चालन गर्ने गरी बजेट नै व्यवस्थापन गरी विभिन्न खेलकुद कार्यक्रमहरु सञ्चालन भएका छन्। गत र चालु आ. व.मा खेलकुद क्षेत्रको विकासका लागि विनियोजित बजेटको विवरण यस प्रकार रहेको छ।

| खेलकुदका लागि विनियोजित बजेट | | |
|---|---|---|
| २०७७/०७८ | २०७८/०७९ | जम्मा |
| २०,००,००० | २५,८०,००० | ४५,८०,००० |



रनिङ्ग शिल्डमा मार्चपासको क्रममा



नगरस्तरीय खेलकुद प्रतियोगिता समापन कार्यक्रम



खो खो खेलका खेलाडीहरु तथा नगरस्तरीय खेलकुदका खेलाडी

## ४.२२ खेलाडी सम्मान कार्यक्रमः

आठौं राष्ट्रिय खेलकुद प्रतियोगिता अन्तर्गतको खो खो खेल यस नगरपालिकाको वडा नं. २, रानीपुरमा रहेको कवर्ड हलमा भएको गौरव हामीसँग छ। यस नगरपालिकालाई खो खो खेलाडी भएको नगरपालिकाको रुपमा समेत चिनिन्छ। १३औं साग खेलकुदको खो खो खेलमा महिलातर्फ रजत पदक जित्ने खेलाडीमध्ये ५ जना खेलाडी र पुरुषतर्फ कास्य पदक जित्ने २ जना खेलाडी यस नगरपालिकाका थिए। एथलेटिक्सतर्फ पनि एक जना खेलाडीले रजत पदक जितेर यस नगरपालिकाको शिर उँचो बनाउनु भएको छ। ती खेलाडीहरुलाई दोस्रो नगरस्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा नगरपालिकाले नगर सहित सम्मान गरेको थियो।



## ४.२३ विपद् व्यवस्थापन कोष स्थापना तथा परिचालनः

यस नगरपालिकाको ९ वटा वडामध्ये ८ वटा वडा मध्यवर्ती क्षेत्रमा पर्दछ। बर्दिया राष्ट्रिय निकुञ्जसँग यस नगरपालिकाको ३२ कि.मि.सिमा जोडिएको छ। अतः निकुञ्जसँग सिमा जोडिएका क्षेत्रका नागरिकहरुको धनजन जङ्गली जनावरबाट क्षति भइरहेको हुन्छ। ती नागरिकका लागि तत्कालै केही राहत उपलब्ध गराई नगर सरकार हाम्रो पिडामा सँगै छ भन्ने अनुभूतिका लागि नगरपालिकाले विपद् व्यवस्थापन कोष सञ्चालन र स्रोत परिचालन कार्यविधि, २०७५ जारी गरी कार्यान्वयन गरेको छ। आ.व.२०७५/०७६ मा ३२,७२,०००।- को विपद् व्यवस्थापन कोष स्थापना गरी कार्यविधिले निर्दिष्ट गरे अनुसार क्षतिको अनुपातमा राहत उपलब्ध गराउने गरिएको छ। नगरवासीको सहजताका लागि हाल वडाबाट नै राहत वितरण गर्ने व्यवस्था मिलाइएको छ। विगत ३ वर्षमा कोषबाट राहत वितरण गरिएको विवरण यस प्रकार रहेको छ।

| विपद् व्यवस्थापन कोषबाट वितरित राहतको विवरण | | | |
|---|---|---|---|
| २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ | जम्मा |
| १५,५७,७६४ | १७,४३,९६७ | १८,४७,३१३ | ५१,४९,०४४ |




## ४.२४ बालबालिकाको सपना परियोजना सञ्चालन :

आजका बालबालिका नै भोलिको राज्यको भविष्य हुन। दिले बिहानीको संकेत गर्छ भनेझैं आजको बालबालिकाको बिकासले भोलिको राष्ट्रको भविष्य निर्धारण गर्दछ। बालबालिबामा आज गरेको थोरै लगानीले भोलि राष्ट्रले ठूलो प्रतिफल प्राप्त गर्दछ। अभिभावकले आफ्ना बालबालिकामा देखेको सपना, समाजले आफ्ना समाजका बालबालिकामा देख्ने सपना र नगरपालिकाले आफ्ना बालवालिकामा देख्ने सपनालाई बिपनामा रुपान्तरण गरी नगर र समाजका लागि सवल नागरिक दिई गरी स्वयममा सक्षम नागरि बनाउनु परियोजनाको उद्देश्य रहेको छ। प्लान नेपालको साझेदारीमा सञ्चालित यो परियोजनामा नेपालमा नै पहिलो पटक यसै नगरपालिकाबाट परीक्षणको रुपमा सञ्चालित भएकामा हाल केहि जिल्ला र पालिकाहरुमा बिस्तार भईसकेको छ।

बिशेषत अर्भावस्था देखि २ बर्ष सम्मका वालवालिको बिकास, सोका लागि बाबु, आमा परिवार र समाजको भूमिकाको विषयमा अभिमुखिकरण छलफल गर्दै बालबालिको चौतर्फि विकास गर्नु परियोजनाको मूलध्येय रहेको छ। विगत ३ बर्ष देखि सञ्चालित परियोजना नगरपालिकाको ९ बटै वडामा विस्तार हुनुको साथै परियोजनाले परिकल्पना गरेका क्षेत्रमा केहि सकरात्मक प्रभावहरु देखिएका छन्।





सामाजिक विकास
संवेगात्मक विकास
संरक्षण, सुरक्षा, सहयोग
खोप, स्वास्थ्य उपचार
उत्प्रेरणा, सिकाई, शिक्षा
शारीरिक विकास
बौद्धिक विकास
पोषण, स्याहार सरसफाई


अभिभावक शिक्षा

# खण्ड ५ : आर्थिक विकास

## ५.१ सहकारी:

### ५.१.१ सहकारी प्रवर्धन तथा मर्ज:

यस नगरपालिका सहकारी नगरपालिकाको रुपमा पनि चिनिन्छ। यस नगरपालिकामा १२ वटा वित्तिय संस्था रहेकाले ती संस्थासँग प्रतिस्पर्धा गरी दीगो रुपमा सहकारी सञ्चालन गर्न सहकारीको सङ्ख्या भन्दा सक्षमता अभिवृद्धि गर्न सहकारीहरुको मर्ज गरिएको छ। हाल यस नगरपालिकामा २६ वटा सहकारीहरु रहेका छन् । ठाकुरबाबा नगरपालिकाको सहकारी संस्था एकीकरण सम्बन्धी कार्यविधि, २०७५ जारी गरी कार्यान्वयन गरिएको छ। हाल ठाकुरबाबामा रहेका सहकारीहरुको विवरण तल प्रस्तुत गरिएको छ।

**ठाकुरबाबा नगरपालिकामा रहेका सहकारीहरुको विवरण**

| क्र.सं. | सहकारीको किसिम | सङ्ख्या |
|---|---|---|
| १ | बचत तथा ऋण प्रवाह गर्ने सहकारी | १२ |
| २ | बहुउद्देश्यिय सहकारी | ४ |
| ३ | कषि सहकारी | ७ |
| ४ | अन्य सहकारी | ३ |
| | जम्मा | २६ |



सहकारी दिवस समारोह

### ५.१.२ स्वरोजगार तथा साना व्यवसायी घुम्ति कोष:

सहकारीहरु मार्फत स्वरोजगार तथा साना व्यवसाय गर्न चाहने नगरवासीका लागि सहुलियत ब्याजदरमा ऋण प्रवाह गर्न स्वरोजगार तथा साना व्यवसायी घुम्ति कोष सञ्चालन कार्यविधि, २०७५ जारी गरी हरेक वर्ष सहकारीहरुसँग सम्झौता गरी कोष परिचालन गर्ने गरिएको छ। ६० लाखबाट शुरु गरिएको कोषको आकार हाल १ करोड २० लाख पुगेको छ। स्वरोजगार तथा साना व्यवसाय गर्न चाहने नागरिकले वार्षिक ४ प्रतिशत ब्याज दरमा सहकारी मार्फत ऋण प्राप्त गर्न सक्नेछन् । आर्थिक वर्षगत रुपमा कोष परिचालनको अवस्थातलको तालिकामा प्रस्तुत गरिएको छ।

**स्वरोजगार तथा साना व्यवसाय घुम्तिकोष परिचालनको विवरण**

| आर्थिक वर्ष | परिचालन भएको कोष रकम | सहकारी सङ्ख्या |
|---|---|---|
| २०७५/०७६ | ६०,००,००० | ५ |
| २०७६/०७७ | १,००,००,००० | ८ |
| २०७७/०७८ | १,१०,००,००० | ८ |
| २०७८/०७९ | १,२०,००,००० | ५ |

उल्लेखित विवरणलाई स्तम्भ रेखामा यसरी प्रस्तुत गरिएको छ ।




## ५.२ पर्यटन विकासः

### ५.२.१ पर्यटन प्रवर्धनः

यो नगरपालिका विश्व पर्यटन कै एक उत्कृष्ट गन्तव्य हो। वर्तमानमा यहाँको पर्यटनले रोजगारी सिर्जना, आयआर्जन, साना तथा मझौला व्यसायको प्रवर्धन, पर्यटन उद्यमशीलता विकास, उद्यम विकास, पर्यावरणीय जनचेतना, सम्बन्ध विस्तार जस्ता कुराहरुमा योगदान दिएको छ। यहाँको पर्यटन व्यवसायले प्रत्यक्ष रुपमा करिब ४०० जनालाई रोजगारी दिएको छ।

यहाँका नागरिकहरुको क्षमता अभिवृद्धि गरी गुणस्तरीय पर्यटन प्रवर्धनका लागि लगानी वृद्धि गर्ने, व्यवसायको क्षमता अभिवृद्धि गर्ने, सेवा तथा सुविधाहरुको विस्तार, होटल तथा होमस्टेको विस्तार, स्थानीय पहिचानमा आधारित उद्यम विकास जस्ता कार्यक्रमहरुले पर्यटन प्रवर्धनका अवसरहरुलाई वृद्धि गरी नगर भित्र थप रोजगार तथा आयआर्जनका अवसरहरु वृद्धि गर्न सकिन्छ।

गुरु योजनाको सर्भेक्षणको क्रममा पर्यटन सेवा र सुविधाहरुको अवस्था यस्तो रहेको थियो ।

| पर्यटन सेवा तथा सुविधाहरु | |
|---|---|
| पर्यटन सम्बन्धी सूचकहरु | सङ्ख्या |
| होटलहरु | ४१ वटा |
| होमस्टे | २१ घरधुरी |
| पर्यटकीय क्षेत्र | भुरिगाउँ, बबई नदीपुल, बबई क्षेत्र, गोविन्दपुर, बेतहनी, ठाकुरद्वारा, हात्तीसार, कर्णाली पुल, गोविन्दपुर होमस्टे |
| वार्षिक पर्यटन आगमन | ९५,९६० जना |
| होटलहरुको क्षमता | ८०० वेड |
| होमस्टेको क्षमता | ३० वेड |
| प्रत्यक्ष रोजगारी | ४०० जना |
| श्रोतः ठाकुरबाबा नगरपालिका, २०७५ | |

### ५.२.२ होमस्टे प्रवर्धनः

यस नगरपालिकामा रहेको थारु जातिको बाहुल्यतालाई मध्यनजर गरी थारु संस्कृति तथा परम्परालाई कायम गर्दै पर्यटन आवागमनलाई बढवा दिन र आर्थिक उपार्जन समेत गर्ने प्रयोजनका लागि वडा नं. ५ को गोविन्दपुरमा सामुदायिक होमस्टे स्थापना गरिएको छ । वि.सं. २०७५ बैशाख २३ गते तत्कालीन वन तथा वातावरण मन्त्री मा. शक्ति बहादुर बस्नेतले यसको उद्घाटन गर्नु भएको हो।



वडा नं. ५ को गोविन्दपुर होमस्टे र वडा नं. ८ को टाईगर ल्याण्ड होमस्टे

नगरपालिकाले वडा नं. ५ को गोविन्दपुर होमस्टेलाई थप प्रवर्धन गर्न र वडा नं. ९ को बिन्द्रापुरीमा नयाँ होमस्टे स्थापना गर्न चालु आ.व.मा थप बजेटको व्यवस्था गरेको छ। होमस्टेलाई थप प्रवर्धन गरी आन्तरिक तथा बाह्य पर्यटकको सङ्ख्यामा वृद्धि गरी नागरिकको आर्थिक उपार्जनमा समेत सहयोग पुऱ्याउन होमस्टे सञ्चालन, प्रवर्द्धन तथा नियमन सम्बन्धी कार्यविधि, २०७५ स्वीकृत गरी कार्यान्वयन गरेको छ। यस नगरपालिकाको वडा नं. ८ र ९ मा नागरिकहरुबाट स्वतस्फूर्त रुपमा होमस्टे अनुमति लिई सञ्चालन गर्ने क्रम पनि बढिरहेको छ। गोविन्दपुर होमस्टेको थप प्रवर्धनका लागि आवागमनमा सहजता ल्याउन वन वीरपुर-गोविन्दपुर जैविक मार्गलाई स्तरोन्नति गरिएको छ भने गोवन्दपुर होमस्टेमा तालिम गोष्ठी सञ्चालन तथा थारु संस्कृति प्रदर्शन समेत गर्ने प्रयोजनबाट तालिम हलको समेत निर्माण गरिएको छ।


वडा नं. ९ गोविन्दपुरमा निर्माण गरिएको तालिम तथा बैठक हल

### ५.२.३ ट्रि हाउसः

पर्यटन प्रवर्धन गर्न यस नगरपालिकाबाट वडा नं. ९ मा २ वटा ट्रि हाउस निर्माण गरिएको छ।


वडा नं. ९ मा रहेको ट्रि हाउस

### ५.२.४ बाघ तथा निलगाईको मूर्ति स्थापनाः

पर्यटकीय गन्तव्य स्थल ठाकुरद्वारा मन्दिर अगाडिको चोकमा बाघको मूर्ती स्थापना गरी सो चोकलाई बाघचोक नामाकरण गरिएको छ भने गोविन्दपुर होमस्टे चोकमा निलगाईको मुर्ति स्थापना गरिएको छ।



वडा नं. ५ र ९ मा स्थापना गरिएको नीलगाईको तथा बाघको मूर्ती

### ५.२.५ सौगात पसल प्रवर्धनः

नगरपालिकाले पर्यटन प्रवर्धन तथा आर्थिक विकासका लागि सौगात पसल सञ्चालनका लागि अनुदान दिने कार्यक्रम अगाडि सारेको छ।



सौगात पसल

### ५.२.६ पिकनिक स्थल व्यवस्थापनः

यस नगरपालिकाको वडा नं. ९ को हात्तीसार क्षेत्रलाई पिकनिक स्पटको रुपमा विकास गर्ने प्रयास गरिएको छ। खौराहा नदीको किनारमा प्राकृतिक मनोरम वातावरणको आनन्द लिनुका साथै हात्तीसारमा प्रत्यक्ष हात्ती हेर्ने अवसर प्राप्त हुने भएकोले जिल्लाभित्र र बाहिरबाट समेत विद्यालय तथा अन्य संस्थाबाट पिकनिकका लागि आउने क्रम तिव्र हुने देखिएकोले उक्त स्थानलाई पिकनिक स्थलको रुपमा विकास गर्ने प्रयास गरिएको छ।



हात्तीसारमा निर्माण गरिएको मचानघर

### ५.२.७ भ्युटावर तथा माछा पोखरी:

गोविन्दपुर होमस्टे नजिकै दृश्यावलोकनका लागि भ्युटावर निर्माण गरिएको छ भने आयआर्जनमा टेवा पुर्याउनका लागि माछापालन पोखरी समेत निर्माण गरिएको छ।



वडा नं. ५ मा निर्माण गरिएको माछा पोखरी तथा भ्युटावर

### ५.२.८ मन्दिरको सुविधा विस्तार:

धार्मिक पर्यटन पर्यटन विकासको महत्वपुर्ण आधार हो । विषेशत: धार्मिक आस्थाको केन्द्र ठाकुरद्वारा मन्दिरलाई थप आकर्षण बनाउन विभिन्न निर्माण कार्यहरु गरिएको छ भने भुरिगाउँको कृष्ण प्रणामी मन्दिरलाई पनि आकर्षण बनाउने प्रयासहरु भएका छन् ।



ठाकुरद्वारा मन्दिर परिसरमा ब्लक बिछ्याउने कार्य र भुरिगाउँको कृष्ण प्रणामी मन्दिर



ठाकुरद्वारा मन्दिर कार्यालय तथा कृष्ण प्रणामी मन्दिरमा गेट र सटर निर्माण

### ५.२.९ सडक सौन्दर्यीकरणः

पर्यटकको मुख्य गन्तव्य स्थल ठाकुरद्वारा बजार क्षेत्रलाई हरियाली बनाउनको लागि सडकको दायाँबायाँ वृक्षारोपण गरिएको छ।



वडा नं. ९ मा सडक सौन्दर्यीकरणका लागि गरिएको वृक्षारोपण

### ५.२.१० डिजिटल प्रसार सामग्रीः

आन्तरिक तथा बाह्य पर्यटकलाई बर्दिया राष्ट्रिय निकुञ्जमा आकर्षित गराई पर्यटन व्यवसाय मार्फत नागरिकको जीवनस्तरमा सुधार ल्याउन विभिन्न कार्यक्रम सञ्चालन गर्ने क्रममा लुम्बिनी अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा अन्तर्राष्ट्रिय विमान स्थलमा ठाकुरबाबालाई चिनाउने डिजिटल प्रसार सामग्री राखिएको छ।



पोखरा तथा भैरहवा विमानस्थलमा राखिएको डिजिटल प्रचार सामाग्री

### ५.२.११ कार ऱ्याली:

पर्यटकीय नगरी ठाकुरबाबाका पर्यटकीय क्षेत्रहरुको प्रचारप्रसारका लागि ठाकुरद्वारादेखि लुम्बिनी हुँदै पोखरासम्मको कार ऱ्याली गरिएको थियो।



कार ऱ्यालीको दृश्य तथा कार ऱ्यालीका सहभागीहरु

### ५.२.१२ ट्रस्ट ब्रिज निर्माण

बलाती शहिद तथा जैविक पार्क निर्माण गरी आन्तरिक तथा बाह्य पर्यटकहरु तथा पूर्व पश्चिम राजमार्गमा यात्रा गर्ने यात्रुहरुका विश्राम स्थलको रुपमा विकास गर्ने लक्ष्य अनुरुप ट्रस्ट ब्रिज निर्माण गरिएको छ।



### ५.२.१३ विभिन्न दिवस तथा समारोहहरु :

विभिन्न दिवस तथा समारोहहरु आयोजना गरी मनाउने र त्यस समारोहमा सांस्कृतिक कार्यक्रमहरु विषेशत थारु संस्कृतिहरुलाई जगेर्ना गर्ने गरी संचालन गरिएको छ। जसवाट आन्तरिक पर्यटकको आगमन वृद्धि हुनाको साथै संस्कृतिको समेत जगेर्ना हुने अपेक्षा गरिएको छ।




नगर स्तरीय सांस्कृतिक प्रतियोगिता तथा थारु सांस्कृतिक कार्यक्रम



माघिमेलामा उपस्थित विशिष्ट व्यक्तित्वहरु

## ५.३ पशुपंक्षी तथा मत्स्य विकासः

नगरपालिकाको आर्थिक विकासका लागि नगरपालिकाले पशुपंक्षी पालन तथा मत्स्य पालन क्षेत्रलाई समेत उच्च प्राथमिकता दिँदै एक वडा एक कृषि/पशु प्राविधिकको व्यवस्थापन सहित आवश्यक कार्य अघि वढाईएको छ। चार वर्षको अवधिमा पशुपंक्षी तथा मत्स्य विकास उपशाखा मार्फत गरिएका कार्यहरुको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

**विगत ४ वर्षको अवधिमा पशुपंक्षी तथा मत्स्य विकास उपशाखाबाट सम्पादित गरिएका कार्यहरुको विवरण**

| सि. नं. | विवरण | २०७४/०७५ | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ |
|---|---|---|---|---|---|
| १ | पशुपंक्षी उपचार सेवा | १०००० | १२००० | १७००० | २१३१५ |
| २ | खोप सेवा कार्यक्रम | ४००० | ६००० | १०००० | ३६५३४ |
| ३ | पशु बन्ध्याकरण सेवा | ५०० | ८६० | ८९५ | ९१४ |
| ४ | कृत्रिम गर्भाधान सेवा | १८९ | २०० | १७० | १६२ |
| ५ | एक वडा एक पशु स्वयंसेवक सेवा | ० | ८ | ८ | ८ |
| ६ | पशुपालक कृषक घरधुरी सङ्ख्या | ७००० | ८००० | ८७९० | ९००० |
| ७ | पशुपंछी फर्म | १० | ८० | १०० | १३० |
| ८ | समूह दर्ता | १० | २० | ६० | ८६ |
| ९ | पशुपंछी सङ्ख्या | ८०५६० | ९०१८९ | १२५००० | १२९७११ |
| १० | बाखा पकेट कार्यक्रम | ० | २ | ३ | ४ |
| ११ | भैंसी पकेट कार्यक्रम | ० | ० | १ | २ |
| १२ | बंगुर पकेट कार्यक्रम | ० | ० | ० | ८ |
| १३ | बाखाको खोर सुधार अनुदान | ० | ० | ० | १९० |
| १४ | भैंसीको गोठ सुधार अनुदान | ० | ० | ० | २० |
| १५ | बंगुरको गोठ सुधार अनुदान | ० | ० | ० | २० |
| १६ | बाखाफर्म प्रवर्धन कार्यक्रम | १ | २ | ३ | २ |
| १७ | कुखुरा फर्म प्रवर्धन कार्यक्रम | २ | ३ | ४ | २ |

| सि. नं. | विवरण | २०७४/०७५ | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ |
|---|---|---|---|---|---|
| १८ | भैंसी फर्म प्रवर्धन | १ | २ | ३ | २ |
| १९ | बाखा वितरण | २० | ३० | १५ | २१० |
| २० | भैंसी वितरण | ० | ० | ३० | ४० |
| २१ | बंगुर वितरण | ० | ० | ० | ३८० |
| २२ | कुखुरा वितरण | ० | ० | ३००० | ७०० |
| २३ | घास विकास कार्यक्रमबाट घास पाउने कृषक सङ्ख्या | ४०० | ५०० | ८०० | १२०० |
| २४ | बोयर बोका वितरण | ० | ० | ४ | २ |
| २५ | रागो वितरण | ० | ० | ४ | ० |
| २६ | आधुनिक मासु पसल सुधार कार्यक्रम | ० | ० | ० | ४ |




| ठाकुरबाबा नगरपालिकाबाट अनुदानमा वितरण गरिएका पशुपंक्षीहरुको विवरण | | |
|---|---|---|
| क्र.सं. | विवरण | सङ्ख्या |
| १ | बाखाको खोर सुधार | १९० |
| २ | बाखा | २७५ |
| ३ | मउ भैंसी | ७० |
| ४ | बंगुर | ३८० |
| ५ | बोयर बोका | ६ |
| ६ | रागा | ४ |
| | जम्मा | ९२५ |

### ५.३.१ बाखा पकेट क्षेत्र र खोर सुधार कार्यक्रमः

यस नगरपालिकाको विशेष गरी वडा नं. २,३,५,८ र ९ लाई बाखा पकेट क्षेत्रको रुपमा विकास गर्ने गरी विभिन्न कार्यक्रमहरु सञ्चालन भएका छन्।



नगरपालिकाको अनुदानमा निर्मित बाख्राका खोरहरु



वडा नं. २ र ६ को बाखा फर्म

## ५.३.२ बाखा वितरण कार्यक्रमः

पशुपालक किसानहरुको समूह बनाई समूह मार्फत नगरपालिकाको अनुदानमा बाखा खरिद गरी वितरण गरिएको छ।



वडा नं. ४ मा गरिएको बाख्रा वितरण

## ५.३.३ च्यापकटर मेसिन तथा घाँस वितरणः

पशुपालक किसानहरुका लागि बहुउपयोगी २३ वटा च्यापकटर मेसिन वितरण गरिनुका साथै घाँस तथा घाँसको बिउ वितरण गरिएको छ।



च्यापकटर मेसिन र घाँसको बिउ वितरण कार्यक्रम

### ५.३.४ भैंसी वितरण:

पशुपालन व्यवसायलाई प्रवर्धन गरी दूधमा आत्मनिर्भर हुन भैंसी वितरण गरिएको छ।



वडा नं. ६ र ९ मा गरिएको भैंसी वितरण कार्यक्रम

### ५.३.५ माछाको भुरा, कुखुराको चल्ला तथा बंगुर पाठा वितरण:

माछाको भुरा, स्थानीय जातका कुखुराका चल्ला तथा बंगुरका पाठा वितरण गरी मत्स्य पालन, कुखुरा पालन तथा बंगुर पालन व्यवसायलाई प्रवर्धन गर्ने प्रयास गरिएको छ।



माछाको भुरा तथा कुखुराको चल्ला वितरण कार्यक्रम



बंगुरको पाठा वितरण कार्यक्रम

## ५.४ कृषि विकासः

भूउपयोग प्रतिवेदन, २०७५ अनुसार यस नगरपालिकाको समग्र भूभागको ४५ प्रतिशत भूभाग खेती योग्य रहेको छ। नगरपालिकाका ९ वटा वडा मध्ये ६ वटा वडाहरुमा पूर्ण तथा आंशिक रुपमा सिँचाई सुविधा उपलब्ध रहेको छ भने ३ वटा वडाहरुमा सिँचाई सुविधा उपलब्ध हुन सकेको छैन। सिँचाइको स्रोत उपलब्ध नभएको कारण सवै वडामा सिँचाई सुविधा उपलब्ध गराएर उत्पादकत्व वृद्धि गर्न सक्ने सम्भावना रहेको छ। कृषि प्रणालीमा रुपान्तरण गर्न सबै कृषकहरुको क्षमता अभिवृद्धि गरी, कृषि प्रणालीलाई आधुनिकीकरण गरेर उत्पादकत्वमा अधिकतम वृद्धि गर्ने सम्भावनाहरु रहेका छन्। कृषिका लागि आवश्यक पर्ने औजारहरु, सामग्रीहरु, प्राविधिक सेवाहरु, सूचना केन्द्रहरु, पारिवारिक तथा व्यवसायिक योजनाहरु, सूचना तथा प्रविधिको उपयोग, भौतिक पूर्वाधार तथा संरचनाहरुको विकास, उत्पादित वस्तुहरुको व्यवस्थित बजारीकरणका माध्यमबाट कृषि प्रणालीमा रुपान्तरण गर्ने अवसरहरु रहेका छन्। कृषिको आधारभूत तथ्याङ्क हेर्दा यस्तो देखिन्छ।

**नगरपालिकाको कृषि क्षेत्रको आधारभूत तथ्याङ्क**

| क्र.सं. | विवरण | इकाई | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष |
|---|---|---|---|---|---|---|
| | | | २०७४।०७५ | २०७५।०७६ | २०७६।०७७ | २०७७।०७८ |
| १. | **जनशक्ति विवरण तथा संरचना** | | | | | |
| | सेवा केन्द्र | संख्या | २ | २ | २ | २ |
| | कर्मचारी (स्थायी) | जना | २ | २ | ३ | ३ |
| | कर्मचारी (अस्थायी) | जना | २ | ७ | ७ | ९ |
| २ | **नयाँ समूह दर्ता** | वटा | ५० | ४३ | ५१ | २५ |
| ३ | **समूहनविकरण** | वटा | ९७ | ९२ | ११७ | १६२ |
| ४ | **कृषि फर्मदर्ता** | वटा | १२ | २० | ३८ | |
| ५ | **मुख्य बालीले ढाकेको क्षेत्रफल** | | | | | |
| | वर्षे धान | (हे.) | ४४६० | ४४६५ | ४४८० | ४४६४ |
| | तरकारी खेती (हिउँदे/बसन्ते/बर्षे) | (हे.) | ४५० | ४५५ | ४५० | ७१० |
| | मसुरो/तोरी/मास (दलहन तेलहन) | (हे.) | १२४५ | १२४० | ११०० | ११७१ |
| | मकै (बर्षे/बसन्ते/हिउँदे) | (हे.) | ५०० | ५०० | ४८० | ४८५ |
| | चैते धान | (हे.) | ० | १५ | ० | ३५ |
| | गहुँ | (हे.) | २०५० | २०६० | २१०० | २२४२ |

| क्र.सं. | विवरण | इकाई | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष |
|---|---|---|---|---|---|---|
| | | | २०७४।०७५ | २०७५।०७६ | २०७६।०७७ | २०७७।०७८ |
| | आलु बाली | (हे.) | ५०० | ४५० | ३५० | ४१५ |
| | फलफूल खेती | (हे.) | १०० | १२० | १५० | १५१ |
| | मसला बाली खेती | (हे.) | १०० | ९८ | १२७ | १७५ |
| ६ | **मुख्य बालीको उत्पादन** | | | | | |
| | वर्षे धान | (मे.ट.) | १५६१० | १६९६७ | १६१२८ | १८७४९ |
| | तरकारी खेती (हिउँदे/बसन्ते/बर्षे) | (मे.ट.) | ७२०० | ७५०८ | ६७५० | ११३६० |
| | मसुरो/तोरी/मास (दलहन/तेलहन) | (मे.ट.) | २३६६ | २१७० | २०९० | २५७६ |
| | मकै (बर्षे/बसन्ते/हिउँदे) | (मे.ट.) | १२०० | १२०० | १३२० | १४५५ |
| | चैते धान | (मे.ट.) | ० | ६० | ० | १५१ |
| | गहुँ | (मे.ट.) | ५१२५ | ५१५० | ५२५० | ६०५३ |
| | आलु बाली | (मे.ट.) | ९००० | ८०५५ | ६१२५ | ८३०० |
| | फलफूल खेती | (मे.ट.) | १६०० | १९२० | २४०० | २४१६ |
| | मसला बाली खेती | (मे.ट.) | ९९० | ९२१ | १२०७ | १८९० |
| ७ | **सेवा प्रवाहको अवस्था** | | | | | |
| | अनुदानग्राही सङ्ख्या | | | | | ८०० |
| | सेवाग्राही सङ्ख्या | | | | | ४५०० |
| ८ | **कार्यक्रम अनुसार अनुदान प्रवाह** | | | | | |
| | नमुना फार्म विकास | संख्या | ० | ५ | ० | ० |
| | करेसाबारी प्रवर्धन | संख्या | ० | ० | ५ | ९ |
| | यूवा लक्षित ब्यावसायिक कृषक | जना | २५ | ० | ३५ | ४० |
| | यान्त्रिकरण पावर टेलर | संख्या | १० | १२ | १५ | २५ |
| | यान्त्रिकरण रिपर | संख्या | ४ | ० | ५ | ७ |
| | यान्त्रिकरण मिनिटिलर | संख्या | ० | ० | ० | ३७ |
| | सानासिँचाई वोरीङमा अनुदान | जना | १८ | ४० | २ | ४० |
| | साना सिँचाई मोटरमा अनुदान | जना | २५ | ० | ० | २७ |
| | स्प्रेयर टङ्की/हजारी | जना | १५ | ० | १० | ० |
| | ट्रयाक्टर तथा पिकअप गाडी | वटा | ० | ० | ० | १ |
| | साना सिँचाई वोरीङ | संख्या | ३२० | ० | ० | ७५० |
| | साना सिँचाई मोटर | संख्या | ८०० | ० | ० | ११०० |
| ९ | **उत्पादन तथा प्रतिफल अनुदान** | | | | | |
| | आलु खेती अनुदान | जना | २० | ० | ० | ६५ |
| | मसला वाली खेती अनुदान | जना | ० | ० | ० | ३५० |
| | तरकारी खेती अनुदान | जना | १५ | ० | ० | २४ |

यस नगरपालिकाको मुख्य बाली धान हो। गहुँ, मकै लगायतका बाली लगाउने क्रम पनि बढ्दै गएको पाईन्छ। खाद्यान्न, तरकारी तथा मसलाजन्य बालीहरुमा आत्मनिर्भर हुँदै आयातलाई प्रतिस्थापन गरी निर्यातलाई प्रवर्धन गर्ने समग्र कृषि नीति अख्तियार गरिएको छ। वडागत खेती गरिएको जग्गाको क्षेत्रफल निम्नानुसार रहेको छ।

**नगरपालिकामा खेती गरिने बालीको वडागत विवरण**

| क्र. सं. | खेती गरिएको बालीको नाम | जम्मा क्षेत्रफल (हेक्टर) | वडागत खेती गरिएको क्षेत्रफल विवरण (हेक्टर) | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | वडा नं. १ | वडा नं. २ | वडा नं. ३ | वडा नं. ४ | वडा नं. ५ | वडा नं. ६ | वडा नं. ७ | वडा नं. ८ | वडा नं. ९ |
| (क) | **वर्षे सिजन** | | | | | | | | | | |
| १. | वर्षे धान | ४४६४ | ४०५ | ४७४ | ९९६ | ५०९ | ५२६ | २८५ | ३१० | ४४५ | ५१४ |
| २. | वर्षे मकै | ८५ | ५ | ११ | २१ | २३ | १६ | २ | २ | २ | ५ |
| ३. | वर्षे तरकारी | ७४ | १८ | १० | ११ | ७ | १२ | ६ | ३ | ४ | ३ |
| ४. | फलफूल खेती | ५१ | ५ | ५ | १२ | ६ | ६ | ३ | ४ | ५ | ५ |
| ५. | अन्य | ८१ | १८ | १६ | ९ | १६ | ६ | ५ | ७ | २ | ३ |
| | **जम्मा** | ४७५५ | ४५० | ५१६ | १०४९ | ५६१ | ५६६ | ३०० | ३२५ | ४५८ | ५३० |
| (ख) | **हिउँदे सिजन** | | | | | | | | | | |
| १. | गहुँ | २२४२ | २२५ | १५८ | ८३९ | ४२४ | ३९७ | ३ | ६५ | १४ | ११७ |
| २. | हिउँदे तरकारी | ६५३ | ५० | ६८ | ५० | २० | ३१ | ३ | ३३ | १६० | २३९ |
| ३. | आलु बाली | ४१५ | ९० | १०३ | ४४ | ५ | २० | ९ | ४१ | १८ | ८५ |
| ४. | तेलहल/दलहन बाली | ११७१ | ७६ | १५२ | ९३ | १०१ | १०६ | २७९ | १७८ | १३३ | ५३ |
| ५. | फलफूल खेती | ५६ | ५ | ५ | १२ | ६ | ६ | ३ | ४ | ५ | १० |
| ६. | अन्य | २२० | ५ | ३० | ११ | ५ | ६ | ३ | ५ | १२८ | २७ |
| | **जम्मा** | ४७५५ | ४५० | ५१६ | १०४९ | ५६१ | ५६६ | ३०० | ३२५ | ४५८ | ५३० |
| (ग) | **हिउँदे सिजन** | | | | | | | | | | |
| १. | बसन्ते मकै | ८८३ | १३५ | १४९ | १०५ | १०८ | ११३ | ५ | ५० | २३ | १९६ |
| २. | चैत धान | ३५ | ० | ० | ० | ० | ० | ० | ० | ० | ३५ |
| ३. | बसन्ते तरकारी | १४१० | १८० | २०७ | १०५ | २८३ | २२० | १५ | ४० | ९१ | २६९ |
| ४. | दलहन/तेलहन बाली | ३९३ | ५९ | ७७ | १०५ | १३ | ५७ | २ | ६५ | ० | १५ |
| ५. | फलफूल खेती | ५६ | ५ | ५ | १२ | ६ | ६ | ३ | ४ | ५ | १० |
| ६. | अन्य | १९७९ | ७२ | ७७ | ७२२ | १५१ | १७० | २७६ | १६६ | ३३९ | ६ |
| | **जम्मा** | ४७५५ | ४५० | ५१६ | १०४९ | ५६१ | ५६६ | ३०० | ३२५ | ४५८ | ५३० |
| **कुल खेती गरिएको क्षेत्रफल** | | | ४७५५ हेक्टर | | | | | | | | |

## ४. कृषि यान्त्रिकरण:

कृषिको लागत घटाई कृषि कर्मबाट मुनाफा आर्जन गरी व्यवसायीकरण गर्न सकिन्छ भन्ने विश्वास नभई कृषि पेशामा आकर्षण गर्न सम्भव छैन। मानव श्रमले मात्र कृषिको लागत घटाई मुनाफा दिन कठिनाई रहेको छ। त्यसैले नगरपालिकाले किसानको श्रम घटाई कार्यमा छिटो र छरितो गराई उत्पादन बढाउन साना कृषि औजारहरु उपलब्ध गराइरहेको छ। हालसम्म नगरपालिकाबाट कृषि यान्त्रिकरणका लागि उपलब्ध गराइएको मेसिन तथा औजारहरुको विवरण तपसिल अनुसार रहेको छ।

| ठाकुरबाबा नगरपालिकाबाट कृषि यान्त्रिकरणका लागि गरिएको कार्यको वितरण | | |
|---|---|---|
| क्र.सं. | वितरण गरिएका मेसिन तथा औजारको विवरण | सङ्ख्या |
| १ | यान्त्रिकरण पावर टेलर | ६२ |
| २ | रिपर | १६ |
| ३ | मिनि टिलर | ३७ |

| क.सं. | वितरण गरिएका मेसिन तथा औजारको विवरण | सङ्ख्या |
|---|---|---|
| ४ | सिंचाई वोरिङ्ग | १०० |
| ५ | साना सिंचाई मोटर | ५२ |
| ६ | प्लाष्टिक टनेल | १६५ |
| ७ | स्प्रेयर टङ्की | २५ |
| | जम्मा | ४५७ |





कृषि यान्त्रिकरणका लागि मेसिन तथा औजार वितरण कार्यक्रम


मसुरोको बिउ वितरण कार्यक्रम



बगर तरकारी खेती



साना ट्युवेल जडान तथा सो बाट सिंचाई भएको गहुँ बाली



तरकारी सङ्कलन केन्द्र तथा ढुवानीका लागि हस्तान्तरित पिकअफ गाडी



बिउ धानका लागि लगाइएको धान बाली


बिउ बैंकमा रहेको धानको बिउ


बिउका लागि लगाइएको गहुँ बाली र सो को प्राविधिक मूल्याङ्कन


आलु खेती


मसलाजन्य बाली प्रवर्धन



तरकारी खेती प्रवर्धन



तरकारी खेतीतर्फ आकर्षण



टनेल खेती र व्यावसायिक खेती



तरकारी संकलन केन्द्र र सुधारिएको बाख्राको खोर वडा नं. ५

# वडा नं. १



वडा कार्यालय भवन



स्वास्थ्य चौकी




भुरिगाउँ बजार सडक निर्माण



कृष्ण प्रणमी मन्दिर






शहिद स्मृति भवन



तलवेलुवा तटबन्धन



सिंहवाहिनी खेल मैदान



खानेपानी पाइपलाईन



त्रिभुवन विद्यालय



वृद्ध सम्मान

# वडा नं. २



गौरभका आयोजना
ठाकुरबाबा नगरपालिका
नवौं नगर सभा
झुलुङ्गे पुल
स्वास्थ्य चौकी
बदबुरुवा पक्की पुल
कवडहल
हात्ती छेकबार
विद्युतिकरण
बलाती ट्रष्ट पुल
सतघरुवा विद्यालय
थारु संग्रहालय
मरुवा निर्माण

# वडा नं. ३


मिर्चैया स्कुल बाटो


प्रहरी चौकी भवन



गिदरपुर मानपुर सडक


मिर्चैया विद्यालय


ग्राभेल बाटो





रामदास मार्ग बाटो



नगर अस्पताल शिलान्यास


चुरे मा.वि. कम्प्युटर ल्याब


स्वास्थ्य केन्द्र


बिउ भण्डार केन्द्र

# वडा नं. ४


वडा कार्यालय भवन
बबई शिशु मन्दिर
खैलार सडक
स्वास्थ्य केन्द्र
ठाकुरबाबा नगरपालिका
नवौं नगर सभा
ग्राभेल बाटो
शवदाह गृह
आशारानी मार्ग
रामदास मार्ग
हात्तिछेक बार
खोप केन्द्र

# वडा नं. ५



वडा कार्यालय भवन



गोविन्दपुर होमस्टे




बनकट्टी तकिया सडक



बनविरपुर स्कुल






ग्राभेल बाटो



गोविन्दपुर जैविक मार्ग



कल्भर्ट



बनकट्टी स्वास्थ्य चौकी



खानेपानी



बनकट्टी स्कुल खानेपानी

# वडा नं. ६



वडा कार्यालय भवन



हात्तिछेक बार




मोतिपुर बकुवा सडक



स्वास्थ्य चौकी






गौशाला



धान खेती




बकुवा विद्यालय



चर्च निर्माण



दलित सग्राहलय



मेसजाली

# वडा नं. ७


वडा कार्यालय
स्वास्थ्य चौकी
गौरवका आयोजना
मोहनपुर कालीगौडी सडक
वालगृह
ग्राभेल बाटो
ठाकुरबाबा नगरपालिका
नवौं नगर सभा
खानेपानी
कानपुर खेलमैदान
सडक बोर्ड बाटो
मेसजाली
सुन्दरपुर विद्यालय

# वडा नं. ८


वडा कार्यालय


स्वास्थ्य चौकी



बक्स कल्भर्ट


मढेला स्कुल





ग्राभेल बाटो


मढेला खानेपानी


सुखाड बाटो


हात्तिछेक बार


तटबन्धन


खानेपानी आयोजना

# वडा नं. ९


वडा कार्यालय


बाघचोक



ठाकुरद्वारा हात्तीसार सडक


ट्रि हाउस



ठाकुरद्वारा स्कुल





खानेपानी


चर्च


हात्तिसार


सिंचाई कुलो


स्वास्थ्य चौकी